# शान्तिका लागि सम्वाद

२०७७

# शान्तिका लागि सम्वाद

*प्रकाशक*

समग्र जनउत्थान केन्द्र,
लहान, सिरहा

युवा शान्ति परिषद्,
धनगढी, कैलाली

Ziviler Friedensdienst

*प्रकाशन सहयोगी*

Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

*Commissioned by:*
Bundesministerium für wirtschaftliche Zusammenarbeit und Entwicklung (BMZ)

प्रकाशन २०७७

© सर्वाधिकार प्रकाशकमा संरक्षित

*लेआउट/डिजाइन*
श्याम महर्जन

*मुद्रक*
वर्डस्केप द प्रिन्टरस् प्रा.लि.
सैबु, ललितपुर
नेपाल

# अग्र कथन

केहि व्यवहारिक तथा दार्शनिक जटिलताका बावजुद शान्ति मानिसको अन्तिम चाहना र विकासको आधारभूमि हो । मानिसलाई आनन्दित हुन मात्र होइन नवीन अन्वेषण र विकासको बारेमा सोच्न, योजना बनाउन तथा त्यसलाई कार्यान्वयन गर्न समेत दीगो शान्ति आवश्यक पर्छ । त्यसैले मानिस जब उन्नत समाजको परिकल्पना गर्छ, संगसंगै शान्ति निर्माणका उपायहरुको बारेमा समेत सोच्न बाध्य हुन्छ ।

भौतिक-सामाजिक विकास र मानसिक आनन्दको लागि आवश्यक पर्ने सकारात्मक शान्ति स्थापना गर्ने विभिन्न सैद्धान्तिक तथा ब्यवहारिक विधिहरु छन् जसमध्ये सम्वाद यसको सर्वप्राचीन र अति प्रभावकारी विधि हो । पक्षहरु बीचको अडान, ईच्छा र आवश्यकतालाई बुझेर पक्षहरुको चित्तबुझ्दो ढङ्गले समस्याको शान्तिपूर्ण समाधान पहिल्याउन सम्वाद सर्वोपयुक्त साधन वा विधि रहिआएको छ । सम्वादको यही महत्वलाई बुझेर नै जी.आई.जेड.को नागरिक शान्ति सेवाले विषयगत सम्वाद कार्यसमूह मार्फत् नेपालका द्वन्द्वग्रस्त स्थानीय क्षेत्रहरुमा स्थानीय सामाजिक संस्थाहरुसंग सहकार्य गरी सम्वाद मार्फत् द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्ने प्रयासलाई अगाडि बढाएको छ ।

यसै क्रममा जी.आई.जेड.ले पूर्वी नेपालको सिरहा जिल्लामा समग्र जनउत्थान केन्द्र र पश्चिमी नेपालमा युवा शान्ति परिषद्संग सहकार्य गर्दै धार्मिक र साम्प्रदायिक जस्ता अति सम्वेदनशील कारणले उत्पन्न फरक धार्मिक र जातीय समुदाय बीचको द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्ने सफल प्रयास गऱ्यो । यस

सम्वादले कैलालीको टिकापुरमा एक बालक र आठ जना प्रहरीको समेत ज्यान जाने गरी भड्किएको थारु र पहाडी समुदाय बीचको साम्प्रदायिक हिंसा अनि लक्ष्मीपूजाको दिन गाई काटेको घटनाका कारण हिन्दू र मुस्लिम धार्मिक समुदायको बीच शुरु भएको धार्मिक-साम्प्रदायिक द्वन्द्वलाई तत्काल शान्तिमा रुपान्तरण गरी धार्मिक-सामाजिक सद्भाव र भाइचारा कायम गराउन महत्वपूर्ण भूमिका खेलेको छ ।

धार्मिक र साम्प्रदायिक जस्ता सम्वेदनशील कारणहरुले भड्किएको द्वन्द्वलाई समेत सम्वादका माध्यमबाट समाधान गर्न सकिन्छ भन्ने सफल नजिर यी दुवै सम्वादले प्रस्तुत गरेकाले त्यसको सफलताको कथालाई सुरक्षित राख्न, सम्वादको महत्वलाई उजागर गर्न अनि यसबाट धार्मिक, सामाजिक, भौतिक विकास, साधनश्रोतमा पहुँच जस्ता कारणहरुबाट समुदायमा हुने विवादहरुलाई सम्वादको माध्यमबाट समाधान गरी शान्ति स्थापना गर्न सबैलाई प्रेरित गरोस् भन्ने हेतुले यस पुस्तिकाको प्रकाशन गरिएको छ ।

अन्त्यमा, सम्वादको माध्यमबाट धार्मिक र सामुदायिक द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्न र सफलताको कथाको रुपमा यो पुस्तिका प्रकाशन गर्न समेत व्यवहारिक, वौद्धिक तथा आर्थिक सहयोग गर्ने जी.आई.जेड. नागरिक शान्ति सेवाको सम्वाद कार्य समुहलाई धन्यवाद ज्ञापन गर्दछौं । साथै यस कार्यमा उत्प्रेरित गरी कार्य सम्पादनमा सहयोग गर्ने शान्ति सल्लाहाकारहरु राजेन्द्र सुब्बा, कृष्टिन केन, अनुजा सापकोटा, मार्टिन हेनिङ्गस्, बर्नहार्ड एमिरिच र साधुराम तामाङ, भाषा अनुवाद गरी सहयोग पुऱ्याउनु हुने जी.आई.जेड. नागरिक शान्ति सेवाको प्रशिक्षार्थी प्रमिला पराजुली र पुस्तक तयार गर्न अन्तर्वार्ता लिने र पुस्तकको पाठ तयार गर्नु हुने सिर्जना सुब्बा (परामर्शदाता)लाई समग्र जनउत्थान केन्द्र र युवा शान्ति परिषद्को तर्फबाट हार्दिक धन्यवाद टक्र्याउँछौं ।

**भैरवप्रसाद गेलाल**
अध्यक्ष
समग्र जनउत्थान केन्द्र
लहान, सिरहा

**प्रेम ढुंगाना**
अध्यक्ष
युवा शान्ति परिषद्
धनगढी, कैलाली

# विषय सूचि

अग्र कथन iii

१. पृष्ठभूमिको व्याख्या र द्वन्द्वको अवस्था १
१.१. मुलुकको पृष्ठभूमि १
१.२ टिकापुर कैलाली २
१.३. लहान, सिराहा ३

२. सम्वाद र सम्वाद प्रक्रिया
सम्वाद प्रक्रिया

३. सामाजिक परिवर्तन ९
क. विरोधदेखि सहकार्यसम्मः लहानका हिन्दू-मुस्लिम भाईचाराको कथा ९
ख. विकासमा सहमति र सहकार्यका लागि सम्वादः टिकापुर, कैलालीको कथा २०

४ व्यक्तिगत कथाहरु ३५

# चित्र सूचि

१ सम्वाद पिरामिड ७
२ अन्तर धार्मिक भाइचाराका लागि प्रतिवद्धता पत्र १८

# पृष्ठभूमि र द्वन्द्वको अवस्था १

## १.१. मुलुकको पृष्ठभूमि

लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान हालसालै जारी गरिएको छ । नेपाललाई धर्मनिरपेक्ष राज्यका रुपमा घोषणा गरिएको छ । नयाँ संविधानमा तीन तह संघीय, प्रान्तीय र स्थानीय सरकारको परिकल्पना गरिनुका साथै देशलाई सात प्रान्तमा विभाजन पनि गरिएको छ । जारी गरिएको संविधानसंग अल्पसंख्यक समुदाय खुशी थिएनन् र उनीहरुले आफ्नो हकअधिकार संविधानमा समावेश गरी, चिन्ता र मुद्दालाई संबोधन गरिनु पर्ने माग राख्दै सरकारको विरुद्धमा आन्दोलन गरिरहे । तराईका थारुहरु असन्तुष्ट समुदाय मध्ये एक हुन् ।

कैलाली र कन्चनपुरका थारुहरुले थारु प्रान्त, थारुहट वा यी दुई जिल्लालाई प्रान्त ५ मा समावेश गरिनु पर्ने माग गर्दै आन्दोलन जारी राखे । २४ अगस्ट २०१५ मा थारु आन्दोलनकारी र सुरक्षावल बीचमा भएको झडपमा ८ सुरक्षाकर्मी र एक नाबालकको समेत मृत्यु भएको थियो ।

## १.२ टिकापुर, कैलाली

टिकापुरको घटना[1] पश्चात् टिकापुर र वरपरका गाउँहरुमा तनावग्रस्त अवस्था सिर्जना भयो । सुरक्षावलबाट पक्राउ पर्ने प्रवल सम्भावनाबाट बाँच्न ठूलो संख्यामा थारु युवाहरुले गाउँ छोडे । थारु समुदायले टिकापुर[2] बजारमा किनमेल गर्न छोडेर सीमा नजिकै अवस्थित बजारहरुमा किनमेल गर्न थाले । थारु समुदाय र गैर थारु समुदायले एकअर्कालाई संदिग्ध रुपमा हेर्ने र सार्वजनिक भेलाहरुमा भेट्न डराउन थाले । फेरि कुनै हिंसामूलक घटना हुन सक्ने डरले दुवै समुदायका अगुवाहरु सार्वजनिक फोरममा हुने भेटघाटलाई बेवास्ता गर्दै एउटै कार्यक्रमहरुमा संलग्न हुन छोडे । समुदायहरु बीचको सञ्चार बन्द भयो । दुई समुदायबीच शंका, त्रास र अविश्वासको वातावरण सिर्जना भयो । हरेक कुरालाई पहाडी र थारु सम्बन्धको दृष्टिकोणबाट व्याख्या गर्ने अवस्था देखिन थाल्यो, उदाहरणका लागि गाउँ विकास समितिले (गा. वि. स) बजेट छुट्याउँदा कुनै गाउँलाई बजेट छुट्यायो भने कुनैलाई छुट्याएन र यस्ता निर्णयलाई कुनै एउटा समुदायलाई स्थानीय बजेटको पहुँचबाट बाहिर्याउने रणनीतिका रुपमा व्याख्या हुन थाल्यो ।

थारु समुदायले उठाएका मुख्य मुद्दाहरु समावेशिता र सिमान्तीकरण थिए । भइरहेका सामुदायिक संयन्त्रहरु समावेशी प्रकृतिका थिएनन् । विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, वन उपभोक्ता समूह र समुदायका

---

१. २४ अगस्ट २०१५ मा थारु आन्दोलनकारी र सुरक्षाबल बीचमा भएको झडपमा ८ सुरक्षाकर्मी र एक नाबालकको मृत्यु भएको थियो । घटना भएको अर्को दिन, इरेट समूह, अविभाजित सुदूरपश्चिमका समर्थकद्धारा थारु समुदायका घरमा आक्रमण गरी सम्पत्ति तोडफोड गरेर हजारौं थारु युवालाई विस्थापित गराइएको थियो ।

२. टिकापुर कैलाली जिल्लाको एउटा ठूलो शहर हो जहाँ थारु र पहाडीया समुदाय बसोबास गर्छन र त्यहाँ घटेको एउटा घटनामा एक नाबालक सहित आठ व्यक्तिको मृत्यु भएको थियो ।

साना सहयोगी जस्ता अग्रणी पदका लागि समुदायहरु बीचमा प्रतिस्पर्धा थियो ।

## १.३. लहान, सिराहा

लहानमा हिन्दू र मुसलमान समुदायहरुद्वारा धार्मिक प्रचार अभियान आक्रामक रुपमा भइरहेको थियो । दुवै हिन्दू र मुसलमान समुदायले आफ्ना धार्मिक कार्यक्रमहरु जस्तै भजन, किर्तन, भागवत, पूजा तथा मस्जिदमा नमाज, जल्सा, मिलाद लगायतका कार्यक्रममा चर्को स्वरमा स्पिकर र अन्य ध्वनियन्त्रको प्रयोग गरेर आयोजन गर्न थाले । यो प्रतिस्पर्धाले उत्पन्न भएको ध्वनि प्रदूषणले समुदायहरु बीच तनाव सृजना भयो । दुवै समुदायका मानिसले एकअर्कालाई ध्वनि प्रदूषण गरेको दोषारोपण गरे ।

ध्वनि प्रदूषण, धार्मिक कार्यक्रममा अस्वस्थ प्रतिस्पर्धा, चर्को स्वरमा प्रयोग गरिने लाउडस्पिकर आदिले गर्दा समुदायहरु बीच बढ्दै गएको तनावग्रस्त अवस्थाका बिषयमा हिन्दू र मुसलमान दुवै समुदायका मानिसहरु खुलेर कुरा गर्दैनथे र सार्वजनिक बहसले अवस्था अझै बिग्रिने डरले एकअर्कासंग पनि कुरा गर्दैनथे । विगतमा[३] दिपावलीको समयमा गाईको हत्या र मस्जिदमा मृत सुंगुरको टाउको फालिएको निहुँमा यी दुई समुदाय बीच झगडा भएको थियो । उक्त झगडा पश्चात सरकारले नेपाल धर्मनिरपेक्ष राष्ट्र घोषणा गरे पनि हिन्दू समुदायद्वारा हिन्दू राष्ट्रको माग गर्दै आन्दोलन गरेको थियो । यसका अतिरिक्त दुवै समुदाय बीच एकअर्कालाई लिएर नकारात्मक टिप्पणी र गलत धारणाहरु रहेका थिए ।

३. २००६ इ.सं.

# सम्वाद र सम्वाद प्रक्रिया २

परियोजनाका क्षेत्र, टिकापुर, कैलाली र लहान, सिरहामा अन्तर सामुदायिक सञ्चार बिग्रिएको थियो । त्राश, शङ्का र अविश्वास जस्ता प्रमुख कारकहरुले सामुदायिक विभाजनलाई थप गहिरो बनाइरहेको थियो । दुवै समुदायका मानिसहरु विवादास्पद मुद्दाहरुलाई सार्वजनिक फोरममा ल्याई छलफल गर्न हिच्किचाउँथे र उनीहरु सार्वजनिक फोरममा भेला हुन पनि तयार थिएनन् ।

यस पृष्ठभूमिमा सम्वादको सम्भावनाको मूल्याङ्कन गर्न, सम्वादको रणनीति तयार गर्न र उपयुक्त दृष्टिकोणको विकासको प्रक्रियाबारे जानकारी दिनका लागि प्रमुख नेताहरु, नागरिक समाजका सदस्यहरु र सामुदायिक नेताहरुसंग व्यापक सामुदायिक परामर्श र विभिन्न व्यक्तिगत बैठकहरु भएका थिए । यी सामुदायिक परामर्श र व्यक्तिगत बैठकहरुमा अन्तर सामुदायिक वार्तालापको आवश्यकतालाई विशेषतः जोड दिइएको थियो । GIZ Civil Peace Service Program को विषयगत टोलीसंगै परियोजना टोली र साझेदार संस्थाले विभाजित समुदायलाई एउटै साझा सुरक्षित स्थानमा ल्याई आफ्ना धारणा, चिन्ता र आवश्यकता एकअर्कासंग छलफल गरी साझा बुझाइको रुपमा लिएर शान्त समाज बनाउन सम्वाद दृष्टिकोण उत्कृष्ट भएको निश्कर्ष निकाल्यो ।


## सम्वाद प्रक्रिया

सम्वाद प्रक्रिया आवश्यकताको मूल्याङ्कनबाट परियोजना क्षेत्र, सिरहा र कैलालीमा शान्तिको आवश्यकता पहिचान गरी सुरु गरियो । परियोजना अन्तर्गत जिल्लामा भएका सम्वादमा निम्न चरणहरु अनुसरण गरिएका थिए:

१. आवश्यकता मूल्याङ्कन
२. द्वन्द्व पहिचान र द्वन्द्व विश्लेषण
३. साझेदार संस्था, सम्वाद टोली गठन
४. सम्वाद सहजकर्ताको क्षमता विकास
५. डीजाइन र सहजीकरण
६. रणनीति विकास (सञ्चार, परिचालन, सरोकारवाला समन्वय, क्षति नपुऱ्याउने, जोखिम विश्लेषण र समन रणनीति आदि)
७. सम्वाद प्रक्रियाको अनुगमन योजना तर्जुमा
८. समुदाय परामर्श (सम्वाद टोली सदस्यद्वारा)
   - सहभागीद्वारा दिइएका सुझाव र उठाइएका आवश्यकता, त्रास र चासोका विषयहरु संकलन गर्न
   - समुदायलाई सम्वादका निमित्त तयार पार्न
   - सम्वाद डिजाइन गर्ने प्रक्रियामा समुदायको सहभागिता र स्वामित्व बढाउन
   - समुदायलाई सम्वाद सहजकर्ता र सम्वाद संयोजक छान्ने वातावरण प्रदान गर्न
९. सम्वाद स्थल
१०. सम्वाद ढाँचा

सम्वादको उद्देश्य विभिन्न समूह बीचको द्वन्द्व रुपान्तरण गरी सम्बन्धमा सुधार ल्याउन, सञ्चार कायम गर्न र विश्वासको वातावरण सिर्जना गर्न पिरामिड ढाँचा विकास गरियो :

## चित्र १. सम्वाद पिरामिड



# सामाजिक परिवर्तनका कथाहरू 3

## क. विरोधदेखि सहकार्यसम्मः लहानको हिन्दू-मुस्लिम भाईचाराको कथा

### धार्मिक टकराव

सिराहा[४] जिल्लाको लहान नगरपालिकामा हिन्दू र मुस्लिम दुई मुख्य धार्मिक समुदायहरु बसोबास गर्छन् । यी दुई समुदायमा समय-समयमा विभिन्न विषयलाई लिएर झै-झगडा हुने गरिरहन्थ्यो । मोहम्मद युनुस[५]का अनुसार हिन्दू-मुस्लिमहरु सानोतिनो विषयमा पनि झगडा गरिरहन्थे र उनीहरु व्यक्तिगत झगडालाई साम्प्रदायिक रंग दिने गर्दथे । यस्तो गर्नुको कारण धार्मिक असहिष्णुता हो भन्नुहुन्छ परशुराम निरौला । सन् २०१५ मा उनीहरु बीचको द्वन्द्व उत्कर्षमा पुग्यो जब त्यहाँ गाई काटियो र त्यसैगरी सुंगुरको टाउको मस्जिदमा फालियो । यस गाई काटिएको घटनाको कारण लहानमा हिन्दू समुदायले जुलुस निकाले, धार्मिक नाराहरु लगाए र बन्द समेत गरे । यी घटनाहरुको कारण त्यहाँको समाजमा तनाव र अवरोधको स्थिति सिर्जना गर्‍यो ।

४. राष्ट्रिय जनगणनाको २०६८/६९ को अनुसार सिराहा जिल्लाको कुल जनसंख्या ६३७,३२८ को ७ प्रतिशत मुस्लिमहरु छन् ।
५. यस डकुमेन्टमा उद्धृत नामहरु अन्तर-धार्मिक संवादका सहभागीहरुका हुन् ।

यी दुई समुदायको तनाव विभिन्न रुपमा देखिन थाल्यो, खास गरी लाउडस्पीकर प्रयोग गरी धार्मिक प्रवचनहरु प्रसारण र प्रचार गर्न थालिए । यसै विषयमा फूलेश्वर महतो भन्नुहुन्छ, "मुस्लिमहरुले लाउडस्पीकरमा नमाज पढ्ने गर्नुहुन्थ्यो भने हामी हिन्दूहरु पनि लाउडस्पीकरमा पूराण भन्ने गर्थ्यौं । धार्मिक गतिविधिका साथसाथै त्यहाँ विभिन्न किसिमका सांस्कृतिक गतिविधि गर्दा पनि लाउडस्पीकर प्रयोग गर्नाको कारण ध्वनि प्रदूषण अत्यधिक भएको थियो ।" यस्ता खाले क्रियाकलापहरुले लहानवासीहरुलाई हैरान पारेको थियो । बुढाबुढी र विरामीहरुले आराम गर्न सक्दैनथे, विद्यार्थीहरुको पढाईमा बाधा परेको थियो र हल्लाले गर्दा राती सुत्न समेत गाह्रो हुन्थ्यो । त्यस कारण ध्वनि प्रदूषण लहानको अर्को समस्याको रुपमा देखा परेको थियो ।

## हातेमालो परियोजनाको शुरूआत

समग्र जनउत्थान केन्द्र (ऐपेक), लहानमा अवस्थित गैरसरकारी संस्थाले यस अवस्था बारेमा चासो देखायो र केहि गर्नु पर्छ भनी समस्याको सामाधानको बाटो खोज्न थाल्यो । यसै क्रममा जर्मन सहयोग (जि.आई.जेड)को जेडएफडी/थेमेटिक टिम डायलग (विषयगत सम्वाद टोली) को सहयोगमा समग्र जनउत्थान केन्द्रले "हातेमालो- धार्मिक सद्भावका लागि समान बुझाई" नामक परियोजना शुरु गऱ्यो । यस परियोजनाको उद्देश्य ध्वनि प्रदूषण कम गर्नु, सामाजिक सद्भाव र सहिष्णुता बढाउनु, र लहानमा बासोबास गर्ने भिन्न समुदायहरु बीच शान्ति र सद्भाव बढाउनु रहेको थियो । यो परियोजना अगष्ट २०१५ देखि अगष्ट २०१७ सम्म गरी जम्मा ३ वर्षको अबधिसम्म चलेको थियो । "हातेमालो - धार्मिक सद्भावका लागि समान बुझाई" परियोजना अन्तर्गत जम्मा २३ वटा अन्तर-धार्मिक सम्वाद कार्यक्रम सञ्चालन भएको थियो । ती अन्तर-धार्मिक सम्वादमा हिन्दू र मुस्लिम समुदायका अगुवाहरुको सहभागिता रहेको थियो ।

समग्र जनउत्थान केन्द्रका अध्यक्ष तथा सम्वादका सहजकर्ता भैरवप्रसाद गेलालका अनुसार, संस्थाले सम्वादमा सहभागी हुनका लागि हिन्दू र मुस्लिम समुदायका यस्ता व्यक्तिहरुलाई छनौट गरेको थियो जसको उपस्थितिले दुई समुदायमा द्वन्द्व रुपान्तरण गर्नमा महत्वपूर्ण भूमिका खेल्न सक्दथ्यो । ती व्यक्तिहरु पंडित, गुरु, मुल्ला, राजनैतिक पार्टीका नेता र समाजसेवीहरु थिए ।

## सम्वादको तयारी

जर्मन सहयोगका शान्ति सल्लाहकारहरुद्वारा ऐपेकका सदस्यहरुलाई सम्वाद शुरु गर्नुभन्दा पहिले सम्वाद सहजीकरण र निरीक्षण सम्बन्धी तालिम दिइएको थियो । समग्र जनउत्थान केन्द्रका सदस्यहरु हिन्दू समुदायका भएको कारण मुस्लिम समुदायसंग विश्वासको वातावरण बनाउन अत्यन्त आवश्यक थियो । यसको लागि ऐपेकले लहानमा अवस्थित मुस्लिम युवाहरुको सामाजिक संस्था “गरीब नमाज वेलफेयर सोसाइटी” लाई सम्वादको सह–आयोजकको रुपमा लिएको थियो भन्नुहुन्छ भैरवप्रसाद गेलाल । अन्तर-धार्मिक सम्वादलाई प्रभावकारी र त्यसको प्रभाव समाजमा दीगो रुपमा रहिरहोस् भन्नको लागि र अन्तर-धार्मिक सम्वादलाई सफल पार्नको लागि हरेक किसिमका चुनौतिहरुलाई ध्यानमा राखेर पूर्व तयारी गरिएको थियो ।

## अन्तर-धार्मिक सम्वाद

अन्तर-धार्मिक सम्वाद सञ्चालन गर्नुभन्दा पहिले दुई समुदायलाई संगै बसेर सम्वाद गर्ने वातावरण बनाउन आवश्यक थियो । दुई धार्मिक समुदायका अगुवाहरुलाई एकैचोटि सम्वाद गर्नुभन्दा पहिले, हिन्दू र मुस्लिम समुहलाई छुट्टाछुट्टै राखेर एकल धार्मिक सम्वाद गराईयो । यस एकल धार्मिक सम्वादमा सहभागीहरुबाट आफ्ना समस्या पहिचान गर्ने र ती समस्याहरुका बारेमा साझा अवधारणा बनाउने काम गरियो । यस एकल धार्मिक सम्वादको क्रममा दुवै धार्मिक समूहले आ-आफ्ना ऐजेण्डाहरु तय गर्ने, सम्वादको

रणनीति बनाउने र अन्तर-धार्मिक सम्वादमा जाने प्रतिनिधि[६] चयन गर्ने काम समेत गरे ।

एकल धार्मिक सम्वादबाट चुनिएका प्रतिनिधिहरु अन्तर-धार्मिक सम्वादमा सहभागी भए । दुई समूहबाट छानिएका प्रतिनिधिहरुद्वारा आफ्ना सवालहरु अन्तर धार्मिक सम्वादमा छलफलको लागि प्रस्तुत गरियो । प्रस्तुत गरिएका सवालहरुबाट साझा सवालहरु पहिचान गरिए । ती समस्याहरु: ध्वनि प्रदूषण, धार्मिक असहिष्णुता, व्यक्तिगत घटनालाई साम्प्रदायिक र राजनीतिक रुप दिनु, धार्मिक र जातीय कारणले हुने छुवाछुत, कानुनको फितलो कार्यान्वयन थिए[७] । यसरी समस्याहरु पहिचान गरिसकेपछि सहभागीहरुले समस्याको पछाडिको कारण खोतल्ने काम गरे र त्यसलाई समाधान गर्नको लागि विभिन्न उपायहरु खोजे[८] ।

अन्तर-धार्मिक सम्वाद सहज ढंगबाट सञ्चालन हुनमा सहभागीहरुले आफूले सम्वादको लागि बनाएका आधारभूत नियमहरुको पालना गर्नु रहेको थियो । ती आधारभूत नियमहरुमा सम्मानका साथ बोल्ने, बोल्दा अपमानजनक शब्द नबोल्ने, आरोप-प्रत्यारोप नगर्ने, अरुले बोलेको ध्यान दिएर सुन्ने, पालैपालो बोल्ने र विषयवस्तुमा केन्द्रित भएर बोल्ने जस्ता कुराहरु थिए । सम्वादका निगरानीकर्ता मदन मण्डलका अनुसार यस्ता साधारण देखिने आधारभूत

६. ४५ जनाको एकल धार्मिक सम्वादबाट अर्न्तर-धार्मिक संवादमा सहभागी हुनको लागि १० जना प्रतिनिधि चयन गरिएको थियो ।
७. यहाँ उल्लिखित साझा समस्याहरु "हातेमालो- धार्मिक सद्भावका लागि समान बुझाई कार्यक्रम" को २०१६ को कार्यक्रम प्रतिवेदनबाट उद्धृत गरिएको हो ।
८. यी समस्याहरुलाई समाधान गर्नको लागि समाधानका उपायहरु "अन्तर-धार्मिक भाइचाराका लागि प्रतिबद्धता पत्र" मा उल्लेख गरी त्यसलाई सहभागीहरुले आफ्नो हस्ताक्षर गरी जारी समेत गरे (हेर्नुहोस् बक्स १) ।

नियमले गर्दा सम्वादमा सहभागीहरुले अरुको कुरा ध्यान दिएर सुन्ने र बोल्दा पनि ध्यान दिएर बोल्ने गरेकाले सबै जनाको सक्रिय सहभागितामा महत्वपूर्ण भूमिका खेल्यो भन्नुहुन्छ अर्की निगरानीकर्ता अनिता चौधरी ।

## दृष्टिकोणमा परिवर्तनदेखि सहकार्यसम्म

सम्वादले व्यक्तिगत रुपमा सहभागीहरुको दृष्टिकोणमा परिवर्तन गरेको देख्न सकिन्छ। जो सहभागीहरु भिन्न धर्म र संस्कृतिको कारण आफूहरुलाई फरक देख्नुहुन्थ्यो, सम्वादमा बसिसकेपछि उहाँहरु एक-अर्कालाई दाजुभाई-दिदीबहिनीको रुपमा देख्न थाल्नु भएको छ । सहभागीहरुको भनाईबाट पनि यो कुरा झल्किन्छ । "सम्वादमा सहभागी भएपछि हाम्रो सम्बन्ध राम्रो भयो" भन्नुहुन्छ फुलेश्वर महतो। त्यसैगरी राम कुमारी दास सम्वाद गर्दै गएपछि आफूहरु एक-अर्कासंग बोल्ने र कुरा सुन्ने गरेको बताउनुहुन्छ। त्यो भन्दा पहिले हिन्दू र मुस्लिम समुदायका सहभागीहरु एक-अर्काबाट तर्किने गरेको तर अहिले सम्बन्ध राम्रो भएको छ भन्नुहुन्छ। सम्वाद हुँदै जाँदा सहभागीहरुले आफ्ना सवालहरु उठाउने, अरुका कुरा सुन्ने र ती सवालहरुमा चिन्तन गर्ने काम गरे । ऐपेकले सञ्चालन गरेको सामुहिक छलफलमा सहभागीहरुले सम्वादमा भएको यस्तो खाले क्रियाकलापले आफूहरुलाई एक-अर्का बारे बुझ्न मद्दत गरेको कुरा राखेका छन् ।

"सम्वादको क्रममा र सम्वादपछि भएका सामुहिक क्रियाकलापले व्यक्तिगत सम्बन्ध मात्र होइन हिन्दू-मुस्लिम समुदाय तहको सम्बन्ध समेत सुध्रिनमा सहयोग गरेको छ" भन्नुहुन्छ- मोहम्मद युनुस। मोहम्मद अम्जदका अनुसार "मान्छेले सबै धर्मको सम्मान गर्नुपर्छ र मानव भएर जन्मिएपछि सबैभन्दा ठूलो धर्म मानवता हो" भन्ने भावना राख्नुहुन्छ। परशुराम निरौला- "शुरुमा हिन्दू र मुस्लिम एक-अर्काका दुश्मन हुन् र उनीहरु मिलेर बस्न सक्दैनन् भन्ने जस्ता भावना राख्दथे सम्वादमा बसिसकेपछि त्यस्तो भावना हट्दै गएको" बताउनुहुन्छ। यसै सम्बन्धमा अरुण के.सी., "हामीले सबै धर्मलाई

सम्मान गर्नुपर्छ नत्र त्यसले द्वन्द्व निम्त्याउँछ" भन्नुहुन्छ । यसरी सम्वादका सहभागीहरुले धार्मिक सहिष्णुता र त्यसले समाजमा शान्ति कायम राख्न खेल्ने भूमिकाको महत्वलाई दर्शाएका छन् । यसरी उनीहरुको दृष्टिकोणमा परिवर्तन आएकै कारण एक-अर्कासंग सहकार्य गर्न पनि तयार भएका छन् ।

अन्तर-धार्मिक सम्वाद समिति (हातेमालो) समाजमा भैरहने द्वन्द्वको एउटा कारकतत्व-धार्मिक गतिविधिको कारण हुने कोलाहललाई कम गर्ने सम्बन्धमा एकजुट भए । यसै सन्दर्भमा मोहम्मद अमजद भन्नुहुन्छ, "सम्वादभन्दा पहिले हाम्रो मस्जिदहरुमा लाउडस्पीकरमा ठूलो स्वरमा अजान पढ्ने गर्थ्यौं, सम्वादपछि त्यो रोकिएको छ र अहिलेसम्म पनि साउन्ड सानो छ ।" ध्वनि कम गर्नमा लहानको प्रशासनको सहयोग र सम्वादका सहभागीहरुद्वारा निरन्तर रुपमा गरिएका स्वेच्छिक क्रियाकलापले महत्वपूर्ण भूमिका खेलेको छ । त्यस बेला गरेको कामलाई सम्झदै परशुराम निरौला आफूले ठूलो ध्वनि लगाएर पूजापाठ गर्नेहरुलाई, "देवताले त विस्तारी बोलेको पनि सुन्छ नि, किन ध्वनि ठूलो पार्नु भनेर संझायौं" भन्नुहुन्छ । फिरोज सिद्दिकी, गरिब नवाज वेलफेयसर सोसाइटिका अध्यक्ष, पनि "आफू र अन्य सहभागीहरु ध्वनि प्रदूषण रोक्नु आफ्नै जिम्मेवारी सम्झेर लागि परेका थिए" भन्नुहुन्छ ।

धार्मिक गतिविधिले जति ध्वनि प्रदूषण गरेको थियो त्यत्ति नै ध्वनि प्रदूषण गर्ने काम सामाजिक कार्यहरु जस्तै बिबाह, भोज-भतेर आदिमा डिजे राख्ने चलनले गरिरहेको थियो । उदाहरणको लागि बिहेको समयमा कयौं दिनसम्म बिहेको गीत गाउने र बिहे भोजमा गीत बजाउने प्रचलनले अनावश्यक ध्वनि प्रदूषण गर्ने गरेको बताउँछन्- सम्वादका सहभागीहरु । यसै सम्बन्धमा राम कुमारी दास भन्नुहुन्छ, "हामीले प्रहरी प्रशासनसंग ध्वनि प्रदूषण कम गर्न के गर्न सकिन्छ भन्ने बारेमा कार्यक्रम पनि गऱ्यौं", "त्यसले राम्रो प्रभाव पाऱ्यो ।" प्रहरीले पनि सम्वादका सहभागीहरु/

हातेमालोका सदस्यहरुलाई विभिन्न तवरले सहयोग गरे र आवश्यक परेको खण्डमा आफै पनि उपस्थित भए । यसै क्रममा डिजे व्यवसायीहरुले डिजेलाई रोक लगाएकोमा प्रशासनमा गएर त्यसको विरोध गरेका थिए भन्नुहुन्छ अरुण केसी । तर त्यसलाई हातेमालोका सदस्यहरुले कार्यक्रम स्थलभन्दा बाहिर आवाज नपुग्ने गरी लाउडस्पीकर बजाउनु भनी समस्याको समाधान निकालिएको थियो भन्नुहुन्छ- परशुराम निरौला । सम्वादका सदस्यहरु यसलाई महत्वपूर्ण सफलता हो भन्नुहुन्छ ।

स्थानीय प्रशासनले गरेको कानूनी उपायको साथसाथै हातेमालोका सदस्यहरुले एक-अर्कालाई आफ्नो चाडपर्वहरुमा शुभकामना आदान-प्रदान गर्ने काम गर्न थालेका छन् । यसलाई अभ्यासमा ल्याउनको लागि पहिले एपेकले चाडपर्वको अवसरमा शुभकामना आदान-प्रदानको कार्यक्रम राखेको थियो । "शुरुमा दशैं र ईदको अवसरमा हामीले शुभकामना कार्यक्रम गरेका थियौं" भन्नुहुन्छ एपेकका अध्यक्ष भैरवप्रसाद गेलाल । शुशिल चन्द्र अधिकारी आफूले होली पर्वमा मुस्लिमहरुलाई पनि होली खेल्न आफ्नो घरमा बोलाएको र ईदमा पनि आफूले शुभकामना दिने गरेको बताउनुहुन्छ। त्यसैगरी सुलेमान अन्सारी पनि आफूले हिन्दूहरुलाई उनीहरुको चाडपर्वमा शुभकामना दिने गरेको बताउनुहुन्छ। अरुण के.सी. चाडपर्वमा शुभकामना आदान प्रदान गर्नकै लागि समय निकाल्ने गरेको छु- भन्नुहुन्छ ।

राम कुमारी दास र विरेन्द्र चौधरी[९]का अनुसार सम्वादपछि लहानको सबैले पूजेको र महत्वपूर्ण तिर्थस्थल राजदेवी मन्दिरमा मुस्लिम समुदायका व्यक्तिहरु पनि पूजाआजा गर्न जान थालेको बताउनुहुन्छ । विरेन्द्र चौधरीका अनुसार सम्वादको क्रममा मुस्लिम समुदायका सहभागीहरुले

---

९ विरेन्द्र चौधरी राजदेवी मन्दिर व्यवस्थापन समितिका सल्लाहकार हुन् ।

राजदेवी मन्दिर जान मिल्छ कि मिल्दैन भनेर सोधेको र आफूले त्यो मन्दिर सबैको लागि खुला रहेको भनी जानकारी दिएको बताउनुहुन्छ । मुस्लिमहरु राजदेवी मन्दिरमा जाने कुरालाई लिएर हिन्दूहरुले कुनै खाले विरोध नगरेको भन्नुहुन्छ । अरुण के.सी.ले आफू मुस्लिमहरुको धार्मिक स्थल जान इच्छुक रहेको बताउनुभयो । यसको साथै उहाँले हातेमालोका सदस्यहरुले कुनै दिन समुहिक रुपमा हिन्दू र मुस्लिमका धार्मिक तिर्थस्थलहरु भ्रमण गर्ने निधो गरेको पनि बताउनुभयो ।

अन्तर-धार्मिक सम्वाद कार्यक्रम र हातेमालो समितिले धार्मिक सहिष्णुता बढाउने जस्तो काम मात्र गरेन, यसले सामाजिक विवाद सुल्झाउने र द्वन्द्व न्यूनीकरण गर्ने काम समेत गऱ्यो । यसै सन्दर्भमा ईस्लाम अली, “त्यस बखत, सम्वाद कार्यक्रम चलिरहेको बेला, कहिं कतै कसैले गलत मनसायबाट यदि धार्मिक द्वन्द्व ल्याउन खोजे सुन्ने मान्छे पनि भेट्दैन थियो” भन्नुहुन्छ । मोहम्मद युनुस- “लहानमा भैरहने धार्मिक टकरावका कारण त्यहाँ बस्ने कि नबस्ने भनी सोचिरहेको तर सम्वादपछि त्यस्ता टकरावहरु बन्द भएको र त्यसले शान्ति ल्याएको” कुरा गर्नुहुन्छ । उहाँ “सम्वादले आफूहरुको दृष्टिकोणमा परिवर्तन ल्याएकोमा सम्वादलाई धन्यवाद दिनुहुन्छ ।” यसै कुरालाई व्याख्या गर्दै उहाँले- “पहिले एक-दुई जनाले गरेको बदमासीको लागि पूरै समुदायलाई दोषी ठहऱ्याइएको थियो तर अहिले केहि व्यक्तिहरुको बदमासी हो भनी हेरिन्छ, समुदायलाई मुछिदैन” भन्नुभयो । विष्णु लाल शाह भन्नुहुन्छ, “यदि हिन्दू र मुस्लिम झगडा गर्दैछन् भने हामीले त्यसलाई साम्प्रदायिक झगडा हो भनेर निष्कर्ष निकाल्नु हुँदैन । बरु हामीले उनीहरु किन झगडा गर्दैछन् भन्ने जान्नु जरुरी छ ।” अन्तर-धार्मिक सम्वादले सहभागीहरुले व्यक्तिगत झगडाहरु व्यक्तिगत कारणबाटै हुन्छन् र त्यसलाई व्यक्तिगत तहबाट नै हेरिनु पर्दछ साथै त्यसलाई समुदायसंग जोडेर हेर्नु हुँदैन भन्ने कुरा बुझेको यी भनाईहरुबाट स्पष्ट देखिन्छ । यसै कुरालाई मोहम्मद अम्जदको “हामीले जात वा धर्मको

आधारमा एक अर्कालाई दोषी देख्नु हुन्न भन्ने कुरा बुझ्यौं" भन्ने भनाईले झनै प्रष्ट गर्दछ ।

## हातेमालो (अन्तर-धार्मिक समिति) को गठन

श्रृंखलावद्ध सम्वाद[10]पछि सम्वादका सहभागीहरुले ३०[11] सदस्यीय "हातेमालो-अन्तर-धार्मिक समिति" को गठन गरे । अन्तर-धार्मिक समिति गठन हुनु परियोजनाको लागि र सम्वादका सदस्यहरुको लागि आफैमा एक उपलब्धी भयो । सुलेमान अन्सारी- "यसरी धार्मिक समिति बन्ला भन्ने नसोचेको र यो समिति बनेकोमा खुशी लागेको" पनि बताउनुहुन्छ । त्यसै गरी शुशीलचन्द्र अधिकारी- "आफूले यी दुई समुदाय मिलेर बस्न सक्छन् भन्ने नसोचेको तर मिलेर समिति बनाएकोमा खुशी" व्यक्त गर्नुहुन्छ । यी दुवै अगुवाहरु, शुशीलचन्द्र अधिकारी र सुलेमान अन्सारी क्रमशः अन्तर-धार्मिक समितिको संयोजक र सहसंयोजकमा मनोनित हुनुभएको छ ।

अन्तर-धार्मिक समितिको गठनपछि यस समितिले आफूहरुले पहिचान गरेका साझा समस्याहरुको समाधान गर्नको लागि उपायहरु खोज्यो । ती उपायहरुलाई अवलम्बन गर्नको लागि सहमति समेत जनाई त्यसलाई "अन्तर-धार्मिक भाईचाराका लागि प्रतिबद्धता पत्र" भनी घोषणा पत्र समेत जारी गऱ्यो (बक्स १ मा हेर्नुहोस्) । हातेमालोले यो प्रतिबद्धता पत्रका बारेमा समान अवधारणा बनाउन र त्यसलाई लागू गर्नको लागि स्थानीय सरकार र राजनैतिक पार्टीका नेताहरुसंग छलफल गर्ने काम गऱ्यो । फलस्वरुप,

---

१० १९ वटा सम्वाद (८ वटा एकल धार्मिक सम्वाद, ७ वटा अर्न्तर-धार्मिक सम्वाद र ४ वटा सेरिङ सम्वाद)

११ दुवै समुदायबाट १५/१५ जना र एक जना लहान नगरपालिकाबाट गरी जम्मा ३० जनाको समिति बनाईयो ।

## बक्स १ : अन्तर धार्मिक भाइचाराका लागि प्रतिवद्धता पत्र

हिन्दू-मुस्लिम धार्मिक समुदायद्वारा धर्मसंरक्षणको नाममा हुने धार्मिक गतिविधिको कारण सिरहाको लहानमा बढ्दै गएको वैरभाव लगायत सतहमा देखिन थालेका समस्याले आम जनमानसमा बढाएको वितृष्णा सहितका जनसरोकारका समस्यालाई न्यूनीकरण गर्न समग्र जनउत्थान केन्द्रको पहलमा गरिएको चरणबद्ध सम्वाद कार्यक्रमका सहभागीहरुले पहिचान गरेका तपसील बमोजिमका समस्या समाधानका उपायहरुप्रति हामी प्रतिबद्धता व्यक्त गर्दछौं ।

- हातेमालोः अन्तर धार्मिक समितिद्वारा धार्मिक भाइचारका लागि निरन्तर पहल गर्ने ।
- प्रत्येक धार्मिक अवसरमा व्यवहारमा सम्मान देखाउन स्वागत तथा शुभकामना आदान प्रदानको कार्यक्रमहरुलाई निरन्तरता दिने ।
- घटनालाई व्यवसायिक तथा राजनीतिकरण नगरी घटनाको रुपमा मात्र लिई दुवै समुदायमा बसेर सामाजिक, कानुनी र न्यायिक समाधान खोज्ने ।
- धार्मिक, सामाजिक र साँस्कृतिक (विवाह) लगायतका कार्यक्रममा ध्वनि प्रदूषण फैलाउने गरी स्पीकरहरु प्रयोग नगर्ने, कार्यक्रम स्थलभन्दा बाहिर स्पीकर प्रयोग गर्न नदिने, कार्यक्रम स्थलमा प्रयोग गरिएको स्पीकरको ध्वनि नियन्त्रण गरी प्रयोग गर्ने ।
- डि.जे. माथि प्रतिबन्ध लगाउने ।
- विकास वा सामाजिक समिति बनाउँदा जुन समुदायको बाहुल्यता छ, सोही समुदायलाई नै नेतृत्व दिएर सम्मान गर्ने ।
- पार्टीका संगठनहरुमा जनस्तरसम्म धार्मिक भाइचारा कायम गर्न सरकुलर गर्ने ।
- घटनालाई धार्मिक आस्थासंग नजोडी सबैको आस्थालाई सम्मान गर्ने स्थितिको निर्माण गर्ने ।
- एकअर्काको धार्मिक व्यवहारलाई लिएर टिका-टिप्पणी नगरी विश्वासको वातावरण बढाउने परम्परा विकास गर्ने ।
- एक अर्काको धर्म, संस्कृति र परम्परालाई सम्मान गर्ने ।
- विद्यालय र मदर्सामा दुवै धर्मको आस्थालाई सम्मान गर्ने कुराको शिक्षण गराउन पहल गर्ने ।

लहान नगरपालिकाले ध्वनि प्रदूषण कम गर्नको लागि ठूलो स्वरमा डिजे बजाउने र ध्वनि प्रदूषण गर्नेलाई सजाय दिने नीति पनि बनायो । स्थानीय प्रहरी कार्यालयले ठूलो आवाज गरेर लाउडस्पीकर बजाउनेलाई सजाय गर्ने सूचना पनि निकाल्यो, डीजे जफत समेत गऱ्यो ।

## भविष्यको लागि चिन्ता

सहभागीहरुको लागि एक प्रमुख चासो वा चिन्ताको विषय भनेको अन्तर-धार्मिक सम्वाद परियोजना सकिएपछि हातेमालोको निरन्तरता कसरी गर्ने भन्ने रहेको छ । उनीहरु हातेमालोको कामलाई आफैले स्थानीय तहमा अनुदान संकलन गरेर धार्मिक सहिष्णुताका क्रियाकलापहरु गर्न इच्छुक पनि छन् । उनीहरुले लहानस्थित नागरिक समाज/संघसंस्थाहरुसंग कोष निर्माण गरेर हातेमालोको लहानमा सद्भाव बढाउने पहलकदमीहरुलाई अगाडि बढाउने योजना पनि बनाएका छन् ।

हातेमालोको आवश्यकतालाई औंल्याउँदै ईस्लाम अली भन्नुहुन्छ, “अन्तर-धार्मिक सम्वाद समितिले आफ्नो उद्देश्य प्राप्त गरिसकेको छैन, त्यसैले यसले निरन्तरता पाउनुपर्छ ।” फूलेश्वर महतो भन्नुहुन्छ, “मान्छेहरु सिकेको कुरा विर्सदै जान्छन् र उनीहरुलाई यस विषयमा बारम्बार सम्झाई राख्नुपर्ने हुन्छ ।” मोहम्मद अम्जद- “यहाँका विभिन्न किसिमका सामाजिक सवालहरुलाई समाधान गर्नको लागि सम्वाद समिति (हातेमालो) आवश्यक छ” भन्नुहुन्छ ।

## ख. विकासमा सहमति र सहकार्यका लागि सम्वादः टिकापुर, कैलालीको कथा

### विभाजित समाज

संगै चियाखाने साथीहरु पनि छुट्टिएको संझना गर्दै छमिका चौधरी[१२], "ल ऊ आयो, म जान्छु" भन्ने गरेको सुनाउनु हुन्छ । त्यसै गरी बप्पल बहादुर रावत पनि, "थारु र पहाडे[१३] एकै ठाउँमा बसेर कुरा गर्ने अवस्था नै थिएन" भन्नुहुन्छ । टिकापुर घटना पछि एक-अर्कालाई नदेखेको जस्तो गर्नु टिकापुर र टिकापुर आसपासका क्षेत्रको दैनिकी भएको थियो । सन् २०१५ अगष्ट २४ (७ भदौ २०७२ साल) का दिन थारुवान/थारुहट प्रदेशका समर्थक र प्रहरी बीच भएको झडपमा ८ जना प्रहरी जवानको ज्यान गएको थियो । त्यस घटनालाई टिकापुर घटनाको रुपमा चिनिन्छ । त्यस टिकापुर घटनापछि रिसाएका गैर-थारुहरुले थारुहरुका घर तथा व्यवसायहरुमा हमला गर्ने काम गरे । त्यसले गर्दा थारु र गैर-थारु समुदाय बीच सम्बन्ध चिसो भयो । उनीहरुमा अविश्वास र शङ्काको वातावरण भयो ।

### सम्वादको पहल

जर्मन सहयोग (जि.आई.जेड)को जेडएफडी/थेमेटिक डायलग टिम (विषयगत सम्वाद टोली) को प्राविधिक सहयोगमा घनगढी स्थित

१२. यस दस्तावेजमा उद्धृत नामहरु जर्मन सहयोगको जेडएफडी/थेमेटिक डालयग टिमको सहयोगमा युवा शान्ति परिषदले सञ्चालन गरेको "सामाजिक सद्भावका लागि सम्वाद" कार्यक्रमका सहभागीहरुका हुन् ।

१३. पहाडबाट आएका समुदायलाई साधारणतया पहाडे, पहाडी र पहाडीया भनी सम्बोधन गरिन्छ । यहाँ अन्तर्वार्ता गरिएका सहभागीहरुले यिनै शब्दहरुको प्रयोग गर्नुभएको छ । यस दस्तावेजमा प्रयोग भएको "गैर-थारु" भन्ने शब्द पनि यसैको पर्यायको रुपमा प्रयोग गरिएको छ ।

गैर-सरकारी संस्था युवा शान्ति परिषद् (वाइपिसि) ले सामाजिक सद्भाव प्रवर्धनका लागि सम्वाद कार्यक्रम पौष २०७२ देखि फाल्गुण २०७४ सम्म सञ्चालन गऱ्यो । सम्वाद कार्यक्रमको उद्देश्य थारु र गैर-थारु समुदाय बीच बोलचाल बढाउने र उनीहरुमा रहेको त्रासलाई कम गर्दै विश्वासको वातावरण बनाउने रहेको थियो ।

सबैभन्दा पहिले, युवा शान्ति परिषद्ले दुर्गौली र मुनुवा गाउँ विकास समिति[१४] (गाविस) हरुमा जेडएफडी/थेमेटिक डायलग टिमको सहयोगमा द्वन्द्व विश्लेषण गऱ्यो । द्वन्द्व विश्लेषणबाट थारु र गैर-थारु समुदायले सम्वाद आवश्यक रहेको निष्कर्ष निकाले । त्यसपछि, समुदायमा गएर परामर्श[१५] गर्ने काम गऱ्यो । दुर्गौली र मुनुवा गाविसहरुका विकाससम्बन्धी मुद्दा/समस्या, सम्वादमा ती मुद्दाहरु बारे छलफल गर्न सकिने संभावना र सम्वादका लागि सहभागी छनौट गर्ने काम समुदायसंगको त्यस परामर्शमा गरियो । ती गाविसहरुमा बस्नु हुने दुवै समुदायका अगुवाहरुसंग अन्तर्वार्ता गरियो र उहाँहरुसंग सम्वादका प्रक्रियामा सहभागी हुने बारेमा आफ्नो विचार राख्न आग्रह गरियो । त्यसरी २५ जना[१६] (१२ जना दुई समुदायबाट र १ जना गाविस सचिव) अगुवाहरुलाई मुनुवा र दुर्गौली गाविसमा हुने सम्वादमा सहभागी हुनको लागि छनौट गरियो । सम्वाद युवा शान्ति परिषद्ले सामुदायिक परामर्शको क्रममा निक्यौंल गरेका विकासका

१४. मुनुवा र दुर्गौली गाविसहरु हालको जानकी गाउँपालिकामा गाभिएका छन् ।

१५. आमा समूह, महिला स्वयंसेविकाहरु, महिला संजाल, युवा क्लब र संजालहरु, सामुदायिक वन उपभोक्ता समूह, वडा-नागरिक मञ्च, विद्यालय सञ्चालक समितिको अध्यक्ष, राजनैतिक पार्टीका नेताहरु र परम्परागत थारु अगुवाहरु (बडघर र भल्मन्साहरु) संग परामर्श गरिएको थियो ।

१६. दुर्गौली र मुनुवा गाविसहरुमा गरिएको परामर्शबाट प्रत्येक गाविसबाट १०० जनाभन्दा बढी सहभागीहरु पहिचान गरिएका थिए । त्यसपछि युवा शान्ति परिषद्ले जेड.एफ.डी.का शान्ति सल्लाहकारसंग परामर्श गरी त्यो संख्यालाई २५ जनामा घटाएको थियो ।

मुद्दाहरुमा केन्द्रित भएर गरियो । ती विकासका मुद्दाहरुमा जातीय विभेद, गाविसको बजेट विनियोजन, पारदर्शिता, सूचना प्रवाह, आदि जस्ता विषय प्रमुख थिए ।

युवा शान्ति परिषद्लाई त्यस समयको वस्तुस्थिति थाहा थियो र संस्थाले सम्वादमा सबै सहभागीहरुको सहभागीता होस् भनी उनीहरुलाई ढुक्क बनाउन सबै उपायहरु अवलम्बन गरेको थियो । यसै सन्दर्भमा संस्थाका अध्यक्ष प्रेमप्रसाद ढुंगानाले संस्थाले सम्वाद गराउन सहजकर्ता र निरीक्षकको समावेशी समूह बनाउने, सबैजनासंग आत्मीय र आदर-सम्मानसंग बोल्ने, थारु र नेपाली दुवै भाषाको प्रयोग गर्ने, सम्वाद कार्यक्रमका कुराहरु मिडिया र सामाजिक संजालहरुमा नल्याउने जस्ता कुराहरुमा ध्यान पुऱ्याइएको थियो । यसका साथै अन्य सावधानीहरु पनि अपनाइएको थियो । जस्तो कि दुवै समुदायका सहभागीहरुलाई जान-आउन अप्ठ्यारो नपरोस् भनी तटस्थ स्थानमा कार्यक्रम स्थाल छानिएको थियो । त्यसैगरी सबैलाई समान तहमा बस्ने व्यवस्था गरिएको थियो र कार्यक्रममा कोही पनि ठूलो-सानो श्रेणी नझल्किने गरी कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम गर्न युवा शान्ति परिषद्ले दुर्गौलीमा सार्वजनिक स्कूल र मुनुवामा गाविसको कार्यालय छनौट गरेको थियो । टिकापुर घटनापछि थारु अगुवाहरु प्रशासनको निगरानीमा थिए र उनीहरुलाई सुरक्षावलसंग डर थियो, त्यसैले सुरक्षाबललाई सम्वाद कार्यक्रम गर्ने ठाउँमा उपस्थित नहुनको लागि अनुरोध गरिएको थियो । त्यसैगरी कार्यक्रममा सबै सहभागीहरु समान हुन् भन्ने भावना जागोस् भन्ने हेतुले सहभागीहरुलाई आफ्नो परिचय दिंदा आफ्नो ओहोदा भन्न वर्जित गरिएको थियो । सहभागीहरुलाई एकै तहमा र गोलाकार गरेर सबैले सबैको अनुहार देख्ने गरी बस्न लगाइएको थियो । हरेक सहभागीहरुलाई बोल्ने अवसर पनि दिइएको थियो र सहभागितामूलक तवरबाट सम्वाद कार्यक्रम भरि मान्नुपर्ने आधारभूत नियम बनाई त्यसै नियममा चल्नको लागि अनुरोध गरिएको थियो ।

## सहभागितामा बाधा

सम्वादको शुरुआति दिनमा विषेश गरी थारु समुदायका अगुवाहरुलाई पुलिसबाट समातिने र गैर-थारुहरुले आक्रमण गर्लान् कि भन्ने डर थियो । भद्रवीर चौधरी यसै कुरालाई संझदै "त्यो बेला थारुहरु सार्वजनिक भेलाहरुमा जान डराउँथे किनभने उनीहरुलाई टिकापुर घटनामा संलग्न भएको आरोपमा प्रशासनले पक्रिएला भन्ने लाग्थ्यो" भन्नु हुन्छ । हरिहर गिरी पनि "शुरुमा थारुहरु सम्वादमा आउन डराएका थिए तर सम्वाद के हो भन्ने कुरा बुझेपछि र उनीहरुले आफूहरुलाई यसबाट कुनै खतरा नदेखेपछि सम्वादमा सहभागी भए" भन्नुहुन्छ । युवा शान्ति परिषद्को विगतका सहभागीमूलक कार्यक्रमहरु जस्तो कि द्वन्द्व विश्लेषण र गाउँमा गरिएको परामर्श कार्यक्रम, समावेशी टोली र सुरक्षाका उपायहरुले थारु र गैर-थारुहरुसंग विश्वास जित्न सफलता दियो । सम्वादको क्रममा आउन सक्ने जोखिमहरु समाप्त भएपछि सहभागीहरु सम्वादमा उपस्थित भए ।

## दूरी घटायो

माथि भनिएको जस्तै, थारु र पाहाडी/गैर-थारु एक अर्कालाई अनदेखा गर्ने गर्थे । जबकि, अहिले सम्वादका सहभागीहरु सम्वादले दुई समुदायलाई नजिक ल्याएको मान्नुहुन्छ । सम्वादले उनीहरुलाई एक अर्कासंग कुरा गर्ने मञ्च र त्यसै अनुसारको वातावरण तयार गरिदियो । धनीराम चौधरी "सम्वाद अगाडि यात्रा गर्न र कसैसंग पनि बोल्न गाह्रो थियो" भन्नु हुन्छ । त्यस्तो अवस्थामा वाईपिसिले दुवै समुदायलाई एकै ठाउँमा बस्ने व्यवस्था मिलायो, सम्वाद गरायो र त्यसले सहज बनायो । उहाँ भन्नुहुन्छ, "यसले एउटा पुलको काम गर्‍यो जसको कारण हामी एक-अर्कासंग कुराकानी गर्न थाल्यौं ।" यसै सन्दर्भमा संगर देवी चौधरी सम्वादले गरेको काममा खुशी व्यक्त गर्दै भन्नुहुन्छ, "यो सम्वादले नमिल्ने समुदायका मान्छेहरुलाई एकै ठाउँमा ल्यायो र हाम्रो एक-आपसमा मेलमिलाप भयो ।" सम्वादले सहभागीहरुलाई एकै परिस्थितिलाई विभिन्न कोणबाट हेर्ने र सम्बन्ध सुधार्ने मौका पनि दियो ।

छमिका चौधरी र कौशिला कुमारी चौधरी दुई महिला सहभागीहरु जो आफै अग्रसर हुनुपर्छ भन्ने मान्यता राख्नुहुन्छ। छमिका चौधरी र कौशिला कुमारी चौधरी दुवै जना आ-आफ्नो गाउँमा गैर-थारु समुदायका मानिसहरुकोमा जाने र उनीसंग बोलचाल आफै शुरु गर्ने गरेको बताउनु हुन्छ । यसरी आफै अग्रसर हुने कुरामा कौशिला कुमारी चौधरी भन्नुहुन्छ, "यदि मैले उनीहरु पहाडे हुन भनें र उनीहरुकहाँ गइन् भने हाम्रो सम्बन्ध कसरी राम्रो हुन्छ ?" यसै कुरामा थप गर्दै उहाँ अहिले थारुहरुले पहाडेहरुलाई खेतीपातीको काममा सहयोग गर्न थालेका छन् भन्नुहुन्छ ।

राजनैतिक आस्थाका कारण पनि मानिसहरु बाँडिएका थिए तर सम्वादमा सहभागी भइसकेपछि उनीहरुको एक-अर्काप्रतिको व्यवहारमा पनि बदलाव आएको देखिन्छ । "पहिले मान्छेलाई उसको राजनैतिक आस्थासंग जोडेर हेरिन्थ्यो तर अहिले त्यस्तो छैन" भन्नुहुन्छ- गिरिधारी लाल महतो । त्यसको उदाहरण दिँदै उहाँ अहिले अन्य पार्टीकाले पनि कांग्रेसका कार्यकर्ता देख्यो भने उनीहरुले जस्तै "जय नेपाल" भनी अभिवादन गर्ने गरेको बताउँछन् । कलम बहादुर बमको पनि यस्तै खाले अनुभव रहेको छ र उहाँ भन्नुहुन्छ, "हामी पहिले एक-अर्कालाई वरिष्ठताको आधारमा हेर्ने गर्थ्यौं, कार्यक्रमको अन्तसम्ममा हामी सबैलाई समान ठान्न थाल्यौं ।"

सम्वादपछि सहभागीहरु एक-अर्कासंग कुराकारी गर्ने मात्र होइन आफूहरुलाई एउटा वृहत समुदायको सदस्य हौं भन्न थाले । बप्पल बहादुर रावत आफूहरुले आफ्ना सन्तानको भविष्यको, उनीहरुको भविष्य बनाउनमा आफूहरुको भूमिका र उनीहरुलाई बस्नलाई राम्रो वातावरण बनाउने बारेमा कुरा गरेको बताउनु हुन्छ। "हामीले यस्ता झगडा र द्वन्द्वले कसैको फाइदा गर्दैन भन्ने बुझ्यौं" भन्नुहुन्छ- बप्पल बहादुर रावत। "पहिले थारुहरुलाई हेप्ने गरेको तर सम्वादपछि थारु र पहाडेहरुको सम्बन्धमा सुधार आएकोले अहिले त्यस्तो छैन" भन्नुहुन्छ- पटरानी देवी कठरिया । उहाँ "अहिले

दुवै समुदायका मान्छेहरु, तपाईं हामीलाई सहयोग गर्नुस् हामी तपाईंलाई सहयोग गर्छौं भन्छन्" भन्नुहुन्छ ।

## चेतना जागेको

विकासको क्षेत्रमा आउने एक प्रमुख मुद्दा रहिआएको छ जात तथा जातीय विभेद । "सम्वादले जातीय विभेदलाई चिर्नको लागि एउटा महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो" भन्नुहुन्छ- वीर बहादुर के.सी. । विभेदको बारेमा कुरा गर्दा उहाँ भन्नुहुन्छ, "हामी एकै ठाउँका मान्छेहरु, दाजुभाइ भएर बसेका छौं र हामीले यस्तो गर्नु हुँदैन भन्ने बुझ्यौं ।" "सहभागीहरुले कसरी थारु र शक्तिहीन मानिसहरु विकासबाट पाखा पारिए भन्ने मुद्दा उठाए, उदाहरणको लागि उपभोक्ता समितिको गठन गर्दा, संरचनामा पहुँच, सूचनामा पहुँच र बजेट विनियोजन" भन्नुहुन्छ- सम्वाद सहजकर्ता विश्ना चौधरी ।

"जात तथा जातीय विभेदको अर्को पाटो रहेको छ विभेदित समूहहरु आवाज विहीन हुनु । यस अवस्थालाई उजागर गर्दै भक्तराज आचार्य "समाज रुपान्तरणको लागि पाखा पारिएका समूहहरुलाई आवाज दिनु अत्यन्त आवश्यक रहेछ भन्ने कुरा आफूले सम्वादबाट सिकें" भन्नुहुन्छ । यसैगरी रामेश्वर रेग्मी पनि आफूले सम्वादबाट सिकेको कुरालाई यसरी भन्नुहुन्छ, "यदि हामीले अरुका कुराहरु सुन्ने, उनीहरुका सुझावहरु लिने र काम गर्ने गऱ्यौं भने त्यो काम दीगो हुने रहेछ ।" गोपाल गिरी "सम्वादमा पूर्व परामर्श लिई काम गर्ने तरीका व्यवहारमा लागू गरी काम गर्दा काम गराउने र काम गर्ने दुवैलाई सजिलो हुने कुरा सिकेको" अनुभव सुनाउनु हुन्छ । त्यसैमा थप गर्दै उहाँ भन्नुहुन्छ- "त्यसरी काम गर्दा थोरै मात्र बाधा अड्चन हुने हुनाले काम गर्दा फरक प्रभाव पऱ्यो ।"

# महिला सशक्तीकरण

महिला सहभागीहरु यस सम्वाद कार्यक्रमले उनीहरुलाई बोल्न सिकाएर र गाउँको विकास कार्यको बारेमा चेतना दिएर उनीहरुको सशक्तीकरण गरेको मान्नुहुन्छ । सम्वादको सञ्चालकहरुलाई धन्यवाद दिँदै हिरा देवी चौधरी आफ्नो भावना यसरी व्यक्त गर्नुहुन्छ, "म पहिले ठूला मान्छे[१७]हरुको अगाडि बोल्न डराउँथें । तर सम्वादमा बसेपछि अनिवार्य रुपमा बोल्नै पर्ने हुन्थ्यो र त्यसबाट नै आफूलाई आफ्नो मनमा लागेका कुराहरु बोल्न आँट आउन थाल्यो ।" उहाँ खुशी हुँदै, "विस्तारै मेरो डर भाग्यो" भन्नुहुन्छ । त्यसैगरी, छमिका चौधरी, लालमती देवी कठरीया, सागर देवी चौधरी, पटरानी देवी चौधरी र कौशिला कुमारी चौधरी पनि सम्वादले आफ्नो विचारहरु र भावनाहरु अभिव्यक्त गर्न सिकायो भन्नुहुन्छ । भिष्मा महतो भने "सम्वाद चाख लाग्दो लाग्यो" भन्नुहुन्छ । उहाँलाई चाख लाग्नुको कारण यस्तो रहेछ, "हामी सबै गोलाकारमा बस्थ्यौं, त्यहाँ कुनै स्टेज हुन्थेन अनि हामी एक-अर्कासंग मुख हेराहेर गरी कुरा गर्थ्यौं ।" उहाँले पहिले महिला र पुरुष भेदभाव हुने गरेको तर पछि त्यो हटेर गएको र महिला र पुरुषले एक-अर्कालाई समान व्यवहार गर्ने गरेको पनि सुनाउनु भयो । सम्वादमा हरेक सहभागीहरुलाई बोल्ने अवसर दिइन्थ्यो । यो अभ्यासलाई सहभागीहरुले अत्यन्तै तारिफ गरेका छन् । प्रकाश चौधरी, एक युवा थारु नेता, "सम्वादले थारु समुदायका व्यक्तिहरुलाई बोल्न सिक्ने/सिकाउने स्थान दिएको छ" भन्नुहुन्छ । उनी सम्वादमा आफ्नो अनुभव सुनाउँदै भन्नुहुन्छ, "म त बोल्न सक्छु तर सम्वादले मेरो समुदायका मानिसहरुलाई बोल्न सक्ने बनाई दियो, उनीहरु सही ठाउँमा स्पष्ट ढंगबाट आफ्ना आवाज

१७. उनका लागि गाउँका पार्टीका नेताहरु, सरकारी अधिकृतहरु र शिक्षित मानिसहरु "ठूला मानिस" हुन् । यो नेपालमा साधारणतः चलाइने शब्दावली हो ।

राख्न सक्ने भएका छन् ।" महिला सहभागीहरु आफूहरुको सशक्तीकरण हुनुमा सम्वादको यो पद्धतिलाई श्रेय दिन्छन् ।

पटरानी देवी कठरीया पहिला आफू अनभिज्ञ भएको र सार्वजनिक कार्यक्रमहरुमा बोलाउँदा नजाने गरेको सुनाउनु हुन्छ । अहिले, उहाँ सार्वजनिक कार्यक्रमहरुमा चासो लिएर जाने गरेको भन्दै, "सम्वादले मलाई त्यस्ता कार्यक्रमहरुमा सहभागी हुन किन आवश्यक हुन्छ र त्यसबाट सूचना लिनुपर्छ भन्ने सिकायो" भन्नुहुन्छ । २०७४ सालमा भएको स्थानीय चुनावमा समेत यी चार महिलाहरु[१८] ले उम्मेदवारी दिएका थिए । ती मध्ये एक जनाले प्रादेशिक संसदको पदमा उम्मेदवारी दिएकी थिइन् भने अर्की एक जना गा. वि. स. को उपाध्यक्ष र अन्य दुई जना वडा सदस्य पदमा उठेका थिए । विश्ना चौधरी, सम्वाद सहजकर्ताका अनुसार सम्वादले उनीहरुको सशक्तीकरण गऱ्यो र त्यसैबाट हौसला पाएर उनीहरु स्थानीय तहको चुनावमा पनि उठेका हुन् ।

## दुर्गौली र मुनुवा गाविस (हालको जानकी गाउँपालिका) को विकास कार्यमा सम्वादले पारेको प्रभाव

मोहनराज उपाध्याय, (सम्वादको सहभागी र नागरीक समाजको सदस्य) को शब्दमा भन्नुपर्दा, "सम्वादले स्थानीय चुनाव नभएको र सरकारमा जनप्रतिनिधिहरु नभएको बेला ठूलो भूमिका खेल्यो ।" यसै कुरालाई थप गर्दै उहाँ "सम्वादले सरकार र जनता बीचको दूरीलाई घटाउने र समन्वय गर्ने काम गऱ्यो" भन्नुहुन्छ । जनप्रतिनिधिहरु विहीन अवस्थामा गाविस सचिवले नै गाविसका दैनिक कामहरुका साथै योजना बनाउने, बजेट विनियोजन

१८. सागर देवी चौधरी, लालमति देवी कठरीया, पटरानी देवी कठरीया र कौशिला कुमारी चौधरीले स्थानीय चुनावमा भाग लिएका थिए ।

गर्ने र विकास निर्माणका कामहरुको कार्यान्वयन गर्ने जस्ता सबै काम गर्ने गर्थे । गाविस सचिवले वडामा रहेका राजनैतिक पार्टीका नेताहरु र वडा-नागरिक मञ्च[१९]संग समन्वय गरेर विकास निर्माणका कामहरु जस्तो कि साना स्तरका संरचनाहरुको निर्माण तथा संरक्षण गर्ने, बाटोघाटो, पुल-पुलेसा र नहरहरु बनाउने, स्वास्थ्य तथा सरसफाईमा उन्नति गर्ने, पछि परेका समुदायलाई साना परियोजनाहरु दिने जस्ता कामहरु गर्थे । सम्वादमा सहभागीहरुले गाविसको विकासमा देखिएका चुनौतिहरु बारे छलफल गरे, समाधानका उपायहरु पनि निकाले र त्यसलाई आ-आफ्नो गाविसमा लागू पनि गरे ।

दुवै गाविसमा विकासका काममा देखिएको एउटा समान समस्या भनेको ती काममा राजनीति हावी हुनु वा नेताका स्वार्थ अनुसार मात्र विकासका काम हुनु थिए । उदाहरणको लागि, गाविसको बजेट आफ्नो वडामा मात्र विनियोजन गर्ने, नेताले आफ्नो बासस्थान छेउमा बाटो तथा पुल बनाउने, त्यसैगरी बजेट विनियोजन गर्दा नातावाद गर्ने । यसै सम्बन्धमा टेकवीर मल्ल भन्नुहुन्छ, "हिजोको दिनमा हामी कस्तो सोच्थ्यौं भने, यो कुन भुगोलको हो, यो कुन जातिको हो, यो कुन वर्गको हो?" यसै कुरामा जोड्दै, टेकवीर मल्ल भन्नुहुन्छ- "हामीले आफ्नो जातिलाई तान्नु पर्छ, हामीले आफ्नो वर्गलाई तान्नु पर्छ, आफ्नो राजनीतिक आस्थाको मान्छेलाई तान्नु पर्छ भन्ने थियो ।" यस विषयमा सहभागीहरुले छलफल गरे र त्यसलाई समाधान गर्ने उपायहरु पनि निकाले । सम्वादपछि आएको परिवर्तन बारे

१९ वडा-नागरिक मञ्च स्थानीय सरकार र सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गत यो बडा-नागरिक मञ्च बनाइएको थियो । यस कार्यक्रमलाई विभिन्न दातृ संस्थाहरुले सहयोग गरेका थिए । यो कार्यक्रम नेपाल सरकारको स्थानीय विकास मन्त्रालयले कार्यान्वयन गर्ने र त्यसलाई संयुक्त राष्ट्रसंघका छ वटा ऐजेन्सीहरु (यूएनडिपि, यूनिसेफ, यूएनसिडिएफ, यूएनभि, यूएनएफपिए, यूएनवुमन) ले सहयोग गर्ने गरी नेपालका ७५ वटै जिल्लामा लागू गरिएको थियो ।

आफ्नो अनुभव राख्दै उहाँ- "यसले सहभागीहरुमा चेतना जगाएको र विकाससम्बन्धी विवादहरु सुल्झाएको" भन्नुहुन्छ ।

माथि उठाइएका विषय स्थानीय सरकारको सामाजिक समावेशीकरण/ बहिष्करण र पारदर्शितासंग पनि जोडिएका थिए । गाउँको सबैभन्दा बलियो राजनैतिक पार्टीका नेताले उपभोक्ता समिति गठन गर्ने जस्ता काम गर्दा आफ्नो स्वार्थ अनुसार बनाउँथे । हिरादेवी चौधरी कसरी उपभोक्ता समितिहरु बनाइन्थे भन्ने उदारण दिँदै भन्नुहुन्छ, "ससुरा अध्यक्ष, बुहारी सदस्य, छोरा कोषाध्यक्ष बनाइन्थ्यो ।" यसरी बनाइएको समिति न त समावेशी नै हुन्थ्यो न त पारदर्शी । सम्वादमा यो विषयलाई लिएर छलफल गरियो, त्यसपछि उनीहरुले उपभोक्ता समितिहरु बनाउँदा समावेशी बनाउनुपर्छ र सार्वजनिक सुनुवाई[२०] पनि गरिनु पर्छ भनी समस्याको समाधान निकाले । आफ्नो अनुभव फूर्तिका साथ यसरी सुनाउनु हुन्छ भिमा महतो, "सम्वादपछि सबै टोलबाट समेटेर उपभोक्ता समिति गठन गर्न थाल्यौं र महिलाहरुको समान सहभागिता सुनिश्चित गऱ्यौं ।" हिरा देवी चौधरी[२१] ले पनि उपभोक्ता समिति गठन गर्दा सर्वसम्मतिबाट गर्ने गरेको र त्यसमा युवा तथा आफ्नो वडाका विभिन्न टोलका व्यक्तिहरुलाई समावेश गर्ने गरेको बताइन् । उनीहरु दुवै आफूहरुले गाविसबाट पाएको परियोजना (सिलाईकटाई र अत्यावश्यक पञ्जीकरण) सम्पन्न गरिसकेपछि सार्वजनिक सुनुवाई सम्पन्न गरेकोमा गर्व गर्नुहुन्छ ।

२० सार्वजनिक सुनुवाई कार्यक्रम एक सामाजिक उत्तरदायित्व बढाउने औजार हो जसमा सत्ताधिकारी (सेवा प्रदायक) र नागरिकबीच सम्वाद गराउने काम हुन्छ । यस प्रक्रियामा परियोजनाका लागि जनताका आवश्यकताहरु पहिचान गर्ने र संयुक्त रुपमा यसको प्रगति अनुगमन गर्ने गरिन्छ ।

२१ हिरा देवी चौधरी र भिमा महतो दुवै जना त्यस बखत वडा-नागरिक मञ्चको संयोजक थिए र उनीहरु आफ्नो वडामा उपभोक्ता समिति बनाउन सक्ने क्षमता राख्दथे ।

दुवै गाविसहरुमा सार्वजनिक सुनुवाई गरिएको थिएन र यो एउटा प्रमुख सवालको रुपमा पहिचान गरिएको थियो अनि यस बारे छलफल पनि गरिएको थियो । सम्वादमा दुवै गाविसका सचिवहरुको उपस्थिति रहेको कारण समस्या समाधान गर्नलाई सजिलो भएको थियो । सम्वादका सहजकर्ता प्रेमप्रसाद ढुंगानाले सम्वादपछि गाविस सचिवहरुले सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको कुरा सुनाउनु हुन्छ। सार्वजनिक सुनुवाईको समयमा छमिका चौधरी र भक्तराज आचार्यले त्यस समयमा युवाहरुको लागि के कस्ता बजेट छुट्याइएको छ भनी प्रश्न गरेको बताउँछन् । अर्को वर्षको बजेट विनियोजन गर्ने बेलामा युवाहरुको नाममा रहेको बजेट खेलकुद कार्यक्रममा छुट्याएको थियो भन्नुहुन्छ- छमिका चौधरी । उहाँ यसलाई "आफूहरुको उपलब्धी हो" भन्नुहुन्छ ।

सम्वादमा भनिएका सूचनाहरु महिला सहभागीहरुका लागि अत्यन्तै उपयोगी सावित भए। कौशिला कुमारी चौधरी पनि वडा-नगारिक मञ्चकी सदस्य हुनुहुन्थ्यो; तर गाविसमा कसरी काम कारवाही गर्ने बारेमा उहाँ अनभिज्ञ हुनुहुन्थ्यो । उहाँ भन्नुहुन्छ, "पहिला त गाविसका महिलाहरुलाई छुट्याएको बजेट पुल र घरहरु बनाउन खर्च हुन्थ्यो । सम्वादमा आएपछि, महिलाका लागि कति प्रतिशत बजेट हुन्छ भन्ने हामीले थाहा पायौं र ती के कस्ता कार्यक्रमहरुमा खर्च गर्न सकिन्छ भन्ने पनि थाहा पायौं ।" हिरादेवी चौधरी "आफू जस्ता पछाडि पारिएका समुदायलाई ३५ प्रतिशत बजेट छुट्याइएको हुन्छ र त्यसमा १० प्रतिशत महिलालाई भन्ने थाहा थियो; तर त्यो बजेट महिलाहरुले कसरी लिने भन्ने कुरा थाहा थिएन"- भन्नुहुन्छ । हिरादेवी चौधरी भन्नुहुन्छ, "लालमति, पटरानी र मेरो सहयोगमा भिमाजी महिला संजालको अध्यक्षले बजेट विनियोजनको लागि पहल गऱ्यौं र पायौं पनि ।" पटरानी देवी कठरीया "अहिले महिलाका लागि बजेट छुट्याइने गरेको र बालबालिकाको नाममा आएको बजेट पिङ र चिप्लेटी बनाउनमा खर्च गरेको देख्दा खुशी लाग्छ"- भन्नुहुन्छ ।

उहाँ, “अहिले हामी बजेट कहाँ खर्च गरिन्छ भनेर अनुगमन गर्छौं” भन्नुहुन्छ। उहाँ आफूमा चेतना जगाएकोमा सम्वादलाई धन्यवाद दिनुहुन्छ।

मुनुवाको स्वास्थ्य र सरसफाईमा सुधार गर्नको लागि गाविसले यसलाई खुल्ला दिशा मुक्त क्षेत्र (ODF) घोषणा गर्न खोजिरहेको थियो; तर राजनैतिक पार्टीहरुको खिचातानीका कारण यसलाई स्थगित गरिएको थियो । राजनैतिक खिचातानी कै कारण खुल्ला दिशा मुक्त क्षेत्र समन्वय उप-समिति गठन गर्न र खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गर्न ढिलाई भइरहेको थियो । यसै सम्बन्धमा गोपाल गिरी सम्वादमा सहभागी भएका राजनैतिक पार्टीका नेताहरुले खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्नको लागि खुल्ला दिशामुक्त क्षेत्र समन्वय उप-समिति गठन गर्न सहयोग गर्छौं भनेका थिए र पछि सहयोग पनि गरेको बताउनु हुन्छ । यसको लागि गाविसले थुप्रै बैठकहरु बसाएको र त्यसबाट आफूलाई खुल्ला दिशामुक्त क्षेत्र उप-समितिको संयोजक पनि बनाएको सुनाउनु हुन्छ- गोपाल गिरी । उहाँ थारु समुदायले आफूलाई सहयोग गरी यस परियोजनाका साथै अन्य संगठनहरुको नेतृत्वमा ल्याएकोमा आभारी रहेको बताउनु हुन्छ । उहाँ, “यस्ता कुराले समाजमा सकारात्मक सन्देश दिन्छ” भन्नुहुन्छ ।

श्री कैलाशेश्वर सामुदायिक वनको नेतृत्व गर्ने व्यक्तिको अनुपस्थिति दुर्गौली गाविसका मानिसहरुका लागि समस्या भएको थियो किनभने यो त्यहाँको सबैभन्दा ठूलो सामुदायिक वन र त्यसमा ठूलो मात्रामा श्रोतहरु रहेका थिए। यो सामुदायिक वनको अध्यक्ष रेशम थारु टिकापुर घटनाका दोषी ठहर गरी गिरफ्तार भएका कारण त्यसले राम्रो काम गर्न सकिरहेको थिएन र वार्षिक साधारण सभा पनि भएको थिएन । “यस विषयमा सम्वादमा छलफल भयो र राजनैतिक पार्टीका नेताहरुले यस समस्याको समाधान गर्छौं भने” - भन्नुहुन्छ विश्ना चौधरी । श्री कैलाशेश्वर सामुदायिक वनको निर्वाचित र वर्तमान सचिव सागरदेवी चौधरी सामुदायिक वनका सदस्यहरुले लगातार

बैठकहरु गरी अधिवेशन गर्ने निर्णय भयो भन्नुहुन्छ । उहाँ गर्वका साथ "मलाई सचिव बन्ने हो भनेर सोधे र मैले बन्छु भनें" भन्नुहुन्छ । उहाँले आफू सचिव पदमा निर्विवादित उम्मेदवार भएको जानकारी समेत दिनुभयो । उहाँले श्री कैलाशेश्वर सामुदायिक वनका पदाधिकारीहरुको समावेशी समिति बनेको छ भन्ने सुनाउनु भयो ।

धनीराम चौधरी सम्वादका एक सहभागी हुनु हुन्छ र अहिले उहाँ जानकी गाउँपालिका वडा नं. १ को अध्यक्ष हुनुहुन्छ । उहाँ "आफ्नो कार्यकालमा सबै वर्ग, जात/जाति, महिला र अन्य समुदायहरुको सहभागिता सुनिश्चित गर्ने, सरकार आफ्नो हो भन्ने विश्वास बढाउने र सबैको अधिकारलाई मान्यता दिन काम गर्न चाहन्छु"- भन्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "यदि मैले पहाडी भनेर उहाँहरुलाई हक-अधिकारबाट वञ्चित गरें भने विगतमा नेपाल सरकारले गरेको व्यवहार र मेरो व्यवहारमा कुनै पनि अन्तर हुँदैन र त्यसले द्वन्द्व निम्त्याउँछ ।" यसै कुरामा थप्दै उहाँ भन्नुहुन्छ, "मेरो वडामा पहाडी अल्पसंख्यक छन्; तर म उहाँहरुलाई विभेद वा वहिष्कृत अनुभव गराउन चाहन्न ।"

## अझै लामो बाटो तय गर्नुछ

सम्वादका सहभागीहरुले भने अनुसार सम्वादले थारु र गैर-थारुका दूरीलाई केहि हदसम्म घटाएको छ । सहभागीहरुको सम्बन्ध सुध्रिएको र उनीहरुले संगसंगै सामुदायिक विकासका कामहरु पनि गरेका छन् । तथापि, उनीहरुमा बाँकी रहेको दुखेसो अझै पनि सम्बोधन गर्नु पर्ने आवश्यकता देखिन्छ । टेक वीर मल्लका अनुसार "मान्छेहरु राज्यले अहिले पनि पहाडे समुदायकै पक्षपोषण गर्छ भन्ने कुराहरु गर्छन् र त्यस कुरालाई चिर्नु आवश्यक छ ।"

प्रकाश चौधरी पनि त्यस्तै सोच्नु हुन्छ । उहाँ- “गाउँमा हामीहरु दाजुभाइ जस्ता भएर बसेका छौं; तर शहरमा भिन्न छ, उनीहरु (गैर-थारु) विभेद गर्छन् । थारु र गैर-थारुको सवाललाई ध्यान दिन आवश्यक छ” भन्नु हुन्छ । गिरीधारी लाल महतो “बाहिर ठिकै देखिन्छ तर भित्र आँतमा घाउ ताजै छ” भन्नुहुन्छ । त्यसैगरी पदम गिरी “बाहिर चाहिँ ठिक छ; तर राजनीतिक रुपले भित्रभित्र गाँठो परेको छ” भन्नुहुन्छ । हरिहर गिरी- “अझै पनि भित्र तुस लुकेको छ” भन्नुहुन्छ । थारु र गैर-थारुको सवाललाई समाधान गर्न अझै धेरै समय र श्रम खर्च गर्नुपर्ने सहभागीहरुको भनाईबाट थाहा हुन्छ ।

# व्यक्तिगत कथाहरु



## मोहम्मद युनुस
लहान नगरपालिका

म एक समाजसेवी हुँ । जीविकोर्पाजनको लागि म खेतिकिसान गर्छु । समय पाउँदा वा आवश्यक पर्दा समाजसेवाको काममा पनि संलग्न रहन्छु ।

पहिले यहाँ हिन्दू र मुस्लिम समुदायको सम्बन्ध राम्रो थिएन । यहाँ सधैं साम्प्रदायिक द्वन्द्व भैरहन्थ्यो । लहानमा कुनै समयमा गाई काण्ड भएको थियो । त्यसमा पूरै मुस्लिम समुदायलाई दोष लागाइएको थियो, तर त्यो गाई काट्ने काम एक-दुई जना फटाहाहरुले गरेका थिए । त्यस बेला म यहाँ बस्ने कि नबस्ने भनेर सोचिरहन्थें; तर हिन्दू-मुस्लिम भाइचाराका लागि सम्वाद शुरु भएपछि केही (वातावरण) परिवर्तन भयो । अन्य कुराहरुले पनि वातावरणमा परिवर्तन ल्याउन सहयोग गरे । अहिले यहाँ बस्न डर छैन ।

अन्तर-धार्मिक सम्वादमा म बसिसकेपछि साम्प्रदायिक समस्याहरु सम्वादबाट शान्तिपूर्ण ढङ्गले समाधान गर्न सकिन्छ भन्ने कुरा सिकें । सम्वादको क्रममा

गाई काण्डको दोषबाट हामी (मुस्लिम समुदाय) मुक्त हुने मौका पायौं । मुस्लिम समुदाय दोषमुक्त भएपछि मलाई आनन्द भयो । यस काममा हिन्दू समुदायका साथीहरुले पनि हामीलाई सहयोग गर्नुभयो । म हिन्दू समुदायप्रति आभारी छु । त्यसपछि मलाई उनीहरु (हिन्दूहरु) पनि “राम्रा मान्छे” हुन् भन्ने लाग्यो । गाई काट्ने काममा सहभागी भएकाहरुले नेपालको कानून अनुसार सजाय पाए । अहिले हामी हिन्दू र मुस्लिम सहभागीहरुको सम्बन्ध राम्रो छ । हामी एक-अर्कालाई सम्मान गर्छौं । यसले समाजमा सकारात्मक सन्देश दिएको छ ।

हामीले अन्तर-धार्मिक भाइचाराको लागि हातेमालो नामको समिति बनाएर लहान घोषणापत्र जारी गरेका छौं । हातेमालोका साथीहरुसंग मिलेर हामीले चाडपर्वमा एक-अर्कालाई शुभकामना आदान प्रदान गर्ने, मुस्लिम समुदायका केटीहरुलाई सरकारी विद्यालय भर्ना गराउने र सरसफाईका कार्यक्रमहरु नगर, गाउँ र वडाहरुमा चलाउने गरेका छौं ।



## राम कुमारी दास
लहान नगरपालिका

म समाजसेवा गर्छु । म महिला अभियन्ता पनि हुँ । अहिले म लहान नगर पालिका वडा नं. १५ को महिला सदस्यमा निर्वाचित भएकी छु ।

धार्मिक भाइचाराका लागि हिन्दू-मुस्लिम समुदायको सम्वाद शुरु हुनुभन्दा पहिले त मलाई मुस्लिमहरुसंग डर लाग्थ्यो । म उहाँहरुसंग कुरा पनि गर्दिनथेँ । हामी उहाँहरुलाई “छ्या उनीहरु मुस्लिम हुन्” र उहाँहरु पनि हामीलाई “छ्या उनीहरु हिन्दू हुन्” भन्ने गर्नु हुन्थ्यो ।

सम्वादमा बसेपछि अहिले हामी त्यस्तो सोच्दैनौं । अहिले त मलाई “हामी पहिले मानव हौं त्यसपछि मात्र धर्म लिएका हौं” भन्ने लाग्छ । अहिले सम्वादमा बस्दै गएपछि एक अर्कालाई जान्यौं-बुझ्यौं । अहिले म उहाँहरुलाई आदर-सम्मान गर्छु र उहाँहरुले पनि मलाई आदर-सम्मान गर्नु हुन्छ । उहाँहरुसंग सम्बन्ध बढेको छ । अहिले त साथी भएका छौं ।

यस सम्वादले म जस्तो बोल्न नसक्ने महिलालाई बोल्न सक्ने, आफ्नो कुरा राख्न सक्ने बनायो । यसले गर्दा मेरो सशक्तीकरण भयो । म जनप्रतिनिधि बन्नमा यस सम्वादलाई ठुलो श्रेय जान्छ ।

हातेमालोको सदस्यको रुपमा म विभिन्न जनचेतना जगाउने कार्यक्रमहरुमा हिँड्न थालें, द्वन्द्व समाधान गर्ने काममा लागेको छु । हामीले लाउडस्पीकर र डी.जे.बाट हुने ध्वनि प्रदूषण रोक्न धेरै काम गर्‍यौं । त्यस काममा पुलिस प्रशासनले पनि हामीलाई सहयोग गर्‍यो । अहिले हामी हाम्रो वडामा हुने झै-झगडाको शान्तिपूर्ण समाधान मिलेर (हिन्दू-मुस्लिम) गर्छौं ।

मुस्लिमलाई समस्या परे हामीलाई बोलाउनु हुन्छ र हामी हिन्दूलाई समस्या परे मुस्लिमसंग सहयोग लिन्छौं । यहाँ हाम्रो वडामा पहिले हिन्दूहरुले मुस्लिमलाई दोकान (पसल) खोल्न दिएका थिएनन्, तर अहिले हामीले मिलेर सम्झाई-बुझाई गरेपछि दोकान खोल्न दिएका छन् ।

त्यसैगरी मुस्लिम साथीहरुले यहाँको बाटो प्रयोग गर्न थाल्नु भएको छ । त्यसले हामीलाई नजिक बनाएको छ । उहाँहरुले यहाँको बाटो प्रयोग नगर्दा त टाढा जस्तो लाग्थ्यो ।



## मोहम्मद अम्जद

लहान नगरपालिका

मेरो नाम मोहम्मद अम्जद हो । म व्यापार गर्छु । यसको अतिरिक्त म समाजसेवा पनि गर्छु । म समाजसेवामा लागिरहेकै कारण सायद मलाई अन्तर-धार्मिक सम्वादमा बोलाइयो ।

यहाँ अर्न्तर-धार्मिक सम्वाद शुरु हुनु अघि हिन्दू र मुस्लिम समुदायले मस्जिदमा र पूजापाठमा ठूलो साउण्डमा माइक/डिजे बजाइदिने गर्दा जथाभावी होहल्ला हुने गर्थ्यो । साना साना घटनाको आधारमा सिङ्गो समुदायलाई नै दोष दिने जस्ता काम हुन्थे । गाईकाण्डमा सिङ्गो मुस्लिम समुदायलाई नै दोषी ठहऱ्याइयो ।

अन्तर-धार्मिक सम्वादमा बसेर मैले समाजमा ठूला–साना, बुझ्ने-नबुझ्ने सबै किसिमका मान्छे हुन्छन् भन्ने महसुस गरें । त्यसैले समाजमा कसैले कुनै पनि गल्ती गरिहाल्यो भने आत्तिएर आफूले पनि त्योभन्दा ठूलो गल्ती नगर्ने, जातभातको कुरामा नलाग्ने, मान्छेले गरेको गल्तीलाई सुधार्ने मौका दिने भन्ने जस्ता शिक्षा मैले सम्वादबाट लिएँ । सम्वादमा सहभागी भई भाग लिएपछि "हामी मानव हौं, गल्ती हामीबाटै हुन्छ, गल्ती भैहाल्यो भने पनि हामी बसेर

छलफल गरेर त्यसबाट निष्कर्षमा पुग्न सकिन्छ” भन्ने कुराको महसुस भयो । सम्वादको क्रममा हिन्दू र मुस्लिम समुदायका अगुवाहरु एउटै टेबलमा चिया नास्ता खाएर एक किसिमको राम्रो संदेश दियौं । यो जातपात केही होइन, यहाँ कोही ब्राह्मण, दलित, मुस्लिम होईन, सबै एकै हुन्, मानवता नै एउटा जात हो भन्ने बुझ्हैँ । मान्छेले आफ्नो आस्था अनुसारको धर्म लिएर हिँड्छ । मानव भएर जन्मिएपछि सबैभन्दा ठूलो धर्म मानवता हो । त्यसले गर्दा कोही हिन्दू, कोही मुस्लिम, कोही क्रिश्चियन जे भए तापनि, आफूले जे धर्म माने पनि अरुलाई होच्याएर हेर्नु हुँदैन । आफ्नो धर्म ठूलो, अर्काको सानो भन्नु हुँदैन । उसको लागि उसकै धर्म ठूलो हुन्छ । त्यो सबैले बुझिदिनु पर्छ ।

हामी बसेको समाजमा धार्मिक वितण्डा मच्चाउने किसिमको काम नहोस् भन्ने लक्ष्य हातेमालोः अन्तर-धार्मिक मितिले लिएको छ । हातेमालोका सदस्यका रुपमा ध्वनि प्रदूषण न्यूनीकरण गर्नु र समुदायमा हुने झै-झगडा मिलाउनुका साथै कुरानका मुख्य संदेशहरुलाई सामुदायिक रेडियोबाट प्रसारण गरेर धार्मिक सद्भाव बढाउने प्रयास पनि गरियो ।




## विरेन्द्र चौधरी
**लहान नगरपालिका**

म सामाजिक कार्यकर्ता हुँ । म थारु समुदायको अगुवा पनि हुँ । मैले सामाजिक कार्य र समाजका सानातिना विवादहरु विगत बर्षहरुदेखि सहजीकरण गर्दै आएको छु । यो अन्तर-धार्मिक सम्वादमा शुरुआतका दिनदेखि नै सहभागी हुँदै आएको हुँ ।

यो सम्वादमा सहभागी हुनु पूर्व हिन्दूहरुलाई अलि बढी प्राथमिकता दिने गर्थें यद्यपि मुस्लिमहरुप्रति मेरो कुनै नकरात्मक भावना चाहिँ थिएन । तर यो सम्वादमा सहभागी भैसके पश्चात् मैले मुस्लिम समुदायको बारेमा बुझ्ने मौका पाएँ । सबै मानवको रुपमा जन्मिएका र आफ्नो अनुकूल धर्म अङ्गाल्ने गरेको महसुस गरें । मलाई हिन्दू र मुस्लिमहरु दाजुभाइ, दिदीबहिनी जस्तै हुन र आफ्नो समाज विकासका लागि मिलेर संगै काम गर्नुपर्छ जस्तो लाग्छ ।

यो सम्वादबाट विवादका सबै सरोकारवाला पक्षहरुको कुरा सुन्न र बुझ्न सिकें। अहिले म पहिले सुन्छु अनि मात्र प्रतिक्रिया दिन्छु। पहिले म विवादको एक पक्षीय कुरा सुनेर "तिम्रो गल्ती छ" भनी समाधान दिने गर्थे; तर अहिले विवादसंग संलग्न सबै पक्षको कुरा सुनेर, बुझेर समाधानमा पुग्ने प्रयास गर्छु। अहिले यही विधि नै पञ्चायती[२२] गर्दा पनि प्रयोग गर्छु।

सम्वादबाट मेरो बोल्ने शैलीमा पनि परिवर्तन भयो। पहिले पहिले जस्तो अहिले रिसाएर बोल्दिन, नम्र भएर सम्मानजनक शब्दहरुको प्रयोग गरेर बोल्छु। अहिले दुबै समुदाय (हिन्दू र मुस्लिम) बाट सम्मान पाएको छु। ममा आएका यी सबै परिवर्तनका लागि म यो अन्तर-धार्मिक सम्वादलाई श्रेय दिन्छु।

सम्वादबाट मुस्लिम समुदायसंग मिलेर काम गर्ने अवसर प्राप्त भयो। म अहिले हातेमालो सम्वाद समूहको सदस्यको रुपमा, ध्वनि प्रदूषण न्यूनीकरण, बालिका शिक्षा प्रबर्धन, विवाद न्यूनीकरण तथा सरसफाई आदिमा कार्य गरिरहेको छु।

२२. द्वन्द्व समाधानका लागि परम्परागत अभ्यास, जहाँ समुदायले छानिएका नेताहरु द्वन्दरत पक्षहरुसंग संलग्न भएर द्वन्द्वका कारणहरु र यसका असरहरु पत्ता लगाएर द्वन्द्वरत पक्षहरुका तर्फबाट निर्णयहरु दिन्छन्।



## बप्पल वहादुर रावत

ढुगौंली

जानकी गाउँपालिका

मेरो नाम बप्पल वहादुर रावत हो । म खेतीकिसान गर्छु । म समाजसेवामा पनि लागेको छु ।

टिकापुर घटनापछि थारु र पहाडी मान्छेहरु एकै ठाउँमा बस्ने अवस्था थिएन । युवा शान्ति परिषद्को सम्वाद कार्यक्रमले दुई समुदायलाई संगै बस्ने र छलफल गर्ने व्यवस्था मिलाइ दियो जसले गर्दा दुई समुदायका व्यक्तिहरुले सम्बन्ध सुधार्ने मौका पायौं । हामीले सम्वादमा जुन घटना घट्यो, घटिहाल्यो र यसलाई अब बढावा दिनु हुँदैन भन्ने कुरा गऱ्यौं । हाम्रा छोरा-नातिहरु छन्, उनीहरुलाई संगै बस्ने वातावरण बनाई दिनु पर्छ । तपाई आफूले भनेको मान्ने मान्छेहरुलाई सम्झाउनुहोस् र हामी पनि आफूले भनेको मान्ने मान्छेहरुलाई सम्झाउँछौं भन्ने कुरा गऱ्यौं । कुनै मत मतान्तर छन् भने सम्वाद गरौं भन्ने कुरा भयो । यसरी हाम्रो सम्बन्ध सुध्रिँदै गयो ।

समाजलाई मिलेर बस्नलाई सबैभन्दा ठूलो सम्वाद र शिक्षा नै चाहिने रहेछ भन्ने कुरा पनि हामीले बुझ्यौं । सामाजिक काम पनि सबैजनाको सहभागितामा हुनुपर्छ भन्ने पनि बुझ्यौं । मैले कुण्ठित भएर वैमनस्यता लिनु भन्दा खुलेर बोल्नु पर्छ जस्ले गर्दा अर्को पक्षले आफूलाई बुझ्ने मौका पाउँछ र सबैजनासित राम्रो व्यवहार गर्नु पर्छ, मिठो बोल्नु पर्छ भन्ने पनि सिकें । यिनै कुराहरु अरुलाई समेत सिकाउँछु ।

अहिले हामी एक-अर्काको चाडमा शुभकामना आदान-प्रदान गर्ने गर्छौं । दशैं, तिहारमा थारुहरु हाम्रो घरमा आउने र माघी पर्वमा हामी उहाँहरुको घरमा जाने गर्छौं । गाउँमा कुनै समस्या परे गोलाकारमा बसेर सम्वाद गर्छौं र समस्या सुल्झाउँछौं ।



## भक्तराज देवकोटा
भगतपुर
जानकी गाउँपालिका

मेरो नाम भक्तराज देवकोटा हो । म एक विद्यार्थी हुँ र विद्यार्थी राजनीतिमा पनि लागेको छु । म एउटा युवा संस्थासंग पनि आवद्ध छु । युवा नेता भएकै कारण म सम्वादमा संलग्न पनि भएँ ।

युवा शान्ति परिषद् (वाईपिसि) ले गरेको सम्वादले ध्रुवीकृत दुई समुदायहरुलाई एकै ठाउँमा राखेर छलफल गर्ने वातावरण बनाई दियो । यसले दुई समुदायको सम्बन्ध सुधार्न र शान्तिको बाटोतर्फ उन्मुख हुनलाई राम्रो भूमिका खेल्यो ।

मैले सम्वादको माध्यमबाट एकअर्का बारे स्पष्ट हुने र गलतफहमीहरुलाई हटाउँदै जान सकिने कुरा सिकेँ । यसैगरी अरुका कुरा सुन्नु महत्वपूर्ण हुन्छ र समतामूलक समाज निमार्णको लागि पछाडि परेकाहरुलाई आवाज दिनु पर्छ

भन्ने सिकाई भयो । यसबाट म अहिले कुनै पनि सवालमा तुरुन्त निष्कर्ष दिन्न, पहिले विश्लेषण गर्छु अनि मात्र निष्कर्षमा पुग्छु । सम्वादमा संलग्न रहँदा गाविसका कार्यक्रमहरु, सार्वजनिक सुनुवाईहरु, योजना छनौटका कुराहरुमा सहभागी भएँ । त्यसले हामी बीच के कस्ता विवादहरु भइरहेका छन् र त्यसलाई कसरी समाधान गर्ने भन्ने काममा लाग्न सिकायो । त्यसले मलाई पहिलेभन्दा समाजप्रति बढी जिम्मेवार र उत्तरदायी बनाएको छ जस्तो लाग्छ ।

सम्वादमा सिकेका कुराहरु आफ्नो संस्थाका साथीहरुलाई सुनाउने र त्यस विषयमा छलफल गर्ने गर्थें । अहिले ती विषयहरुलाई लिएर नै सडक-नाटक र सचेतना कार्यक्रमहरु गर्ने गरेका छौं ।



## छमिका चौधरी
ढुगौंली
जानकी गाउँपालिका

मेरो नाम छमिका चौधरी हो । म मेरो गाउँमा युवा क्लवको नेतृत्व गर्छु र युवा संजालमा पनि छु । मेरो सक्रियता देखेपछि वाई. पी. सी. ले मलाई सम्वादमा सहभागी हुनको लागि बोलायो ।

मलाई सम्वाद भनेको के हो नै थाहा थिएन-त्यो बेला । सम्वाद के विषयमा हो ? भन्ने पनि थाहा थिएन । सम्वादमा सहभागी भएपछि मैले सम्वादमा यहाँका जल्दाबल्दा घटनाहरु (टिकापुर घटना लगायत) र गा.वि.स. का साझा सवालमा छलफल गर्ने भन्ने थाहा पाएँ ।

टिकापुर घटनाले हामी थारु र पहाडी वीच बेमेल बढाएको थियो । जसले गर्दा एकअर्काप्रति विभेद गर्ने, “तँ पहाडे होस्, तँ थारु होस्” भन्ने भावना आएको थियो । संगै चिया खाने साथीहरुमा समेत “ल ऊ आयो म हिँड्छु” भन्ने जस्तो व्यवहार भएको थियो । संगै क्याम्पस जाने, एउटै डेक्स-बेन्चमा बस्ने साथीहरु पनि बाँडियौं ।

सम्वादले एकअर्काप्रति गर्ने विभेदलाई न्यूनीकरण गऱ्यो । सम्वादले दुई समुदायका अगुवाहरुलाई संगै बस्ने व्यवस्था गरिदियो । "पहाडेहरु राम्रा हुँदैनन् है" भन्ने भावनामा पनि परिवर्तन गरिदियो । नहुनु पर्ने घटना घटिसक्यो, जे भयो भयो, अब त्यो बिग्रिएको सम्बन्धलाई सुधार्नु पर्छ भनेर सम्बन्ध सुधाऱ्यौं । हामी युवाहरुले युवा क्लब, युवा संजाल र आफ्नो गाउँका थारु समुदायका युवाहरुले साथीसंग सम्वादमा सिकेका/जनेका कुराहरु भन्ने र सम्झाउने काम गऱ्यौं । "आफ्ना मागहरु राख्नु पर्छ; तर हिंसाजन्य अपराध गर्नु हुँदैन" भन्ने बुझेर शान्ति कसरी ल्याउने भन्ने कुराहरु छलफलमा ल्याउँथ्यौं ।

सम्वादमा आएपछि सूचना पाउनु र गाउँमा हुने कार्यक्रमहरुमा सहभागी हुनु कति महत्वपूर्ण हुन्छ भन्ने कुरा थाहा पाएँ । महिला र युवाहरुको स्रोतमा पहुँच हुन आवश्यक छ, तर त्यो सजिलो छैन । त्यसको लागि हामीसंग सूचना हुनु जरुरी छ र त्यो कार्यक्रमहरुमा सहभागी भएपछि मात्र थाहा हुन्छ भन्ने सम्वादमा सहभागी भएपछि मैले बुझें र अब म आफू र आफ्ना साथीहरु लिएर निमन्त्रणा आएका कार्यक्रमहरुमा जाने गर्छु ।



## धनीराम चौधरी
ढुगौंली
जानकी गाउँपालिका

मेरो नाम धनीराम चौधरी हो । म हाल जानकी गाउँपालिका वडा नं. १ को अध्यक्ष छु। थारु समुदायको अगुवा र समाजसेवीको हैसियतले म सम्वादमा सहभागी भएको थिएँ ।

सम्वादभन्दा पहिले त सबैमा जातीय विभेदको भावना थियो । अर्को समुदायमा आवतजावत गर्न र अर्को समुदायको नचिनेको मान्छेसंग बोल्न पनि डराउनु पर्ने अवस्था थियो । युवा शान्ति परिषद्को कार्यक्रमले हामी दुई समुदायका अगुवाहरुलाई एक ठाउँमा ल्याएर बसाई सम्वाद कार्यक्रम गऱ्यो । त्यसले एक-आपसमा घुलमिल हुने र नजिकिने एउटा पुलको काम गऱ्यो ।

सम्वादमा बसेपछि हामी जुनसुकै जातिको भए पनि एउटा छिमेकमा बसे पछि हामी सबै नेपाली हौं, र हाम्रो दायित्व, कर्त्तव्य र अधिकार एकै हो भन्ने सिक्यौं । यस कुराले स्थानीय तहमा जनप्रतिनिधि नभएको अवस्थामा

हामीलाई हाम्रो समाज शान्त बनाउन र विकासतर्फ उन्मुख हुन मद्दत गऱ्यो । यसले गर्दा कुनै पनि विकासको कार्यक्रम गर्दा समावेशिता पनि बढेर गयो । अपनत्व पनि बढेर गएको छ ।

वडा नं. १ मा ८५ प्रतिशत थारुहरु छन् र बाँकी पहाडी समुदायका मानिसहरु छन् । यदि मैले पहाडीहरुलाई विभेद गर्नुपर्छ, उनीहरुलाई हकअधिकारबाट वञ्चित गराउनु पर्छ भन्ने उद्देश्य राखेर शासन गरेँ भने विगतमा नेपाल सरकारले गरेको व्यवहार र मेरो व्यवहारमा कुनै पनि अन्तर हुँदैन । त्यसले द्वन्द्व निम्त्याउँछ । विगतका दिनमा हामी जुन कारणले सरकार विरुद्ध आन्दोलनमा उत्रिएका थियौं अहिले हामीले त्यही कुरा दोहोऱ्यायौं भने आउने दिनमा द्वन्द्व हुँदैन भन्ने ग्यारेण्टी गर्न सकिंदैन । त्यसैले मैले के बुझ्केको छु भने कुनै पनि जाति, वर्ग, लिङ्ग नछुट्याई सबैलाई समावेशी हुने गरी, अपनत्व हुने गरी, सबैको अधिकार सुनिश्चित हुने गरी शासन प्रणालीमा लागेको छु । मैले द्वन्द्व हुने कुनै किसिमको क्रियाकलाप गरेको छुईन ।



## गोपाल गिरी
मुनुवा
जानकी गाउँपालिका

मेरो नाम गोपाल गिरी हो । म एउटा राजनीतिकर्मी तथा समाजसेवी पनि हुँ र साथै एक कृषक पनि । म कृषक समूह, सिँचाई उपभोक्ता समूह, स्वास्थ्य समिति लगायत एउटा राजनैतिक पार्टीको पनि नेतृत्व गर्छु ।

यो सम्वाद कार्यक्रम अन्य कार्यक्रमहरुभन्दा के मानेमा फरक थियो भने - यसमा कुनै भेदभाव थिएन, सबैजना गोलमेचमा बस्ने, एकअर्काप्रति दुवा-सलाम गर्ने, एकअर्काको कुरा सुन्ने-सुनाउने र बुझ्ने- बुझाउने गरिन्थ्यो । यो तरिका अत्याधिक राम्रो लाग्यो । त्यसले गर्दा हामीले दुई तर्फि कुरा सुन्न र एकअर्कासंग सहकार्य गर्न सिक्यौं । त्यसैगरी मैले सम्वादमा कुनै पनि निर्णय गर्दा एक पक्षीयबन्दा नहुने हुँदा सम्वादबाट निर्णय गर्दा एकदम सहज र सरल हुँदो रहेछ भन्ने कुरा सिकें । मैले सम्वादमा सिके अनुसार यो तरिका अपनाएर गाउँ समुदायमा काम गरिरहेको छु । त्यसले काम गर्ने र गराउनेमा पनि धेरै अन्तर आउँदो रहेछ । काममा अपनत्व बढेर जाने रहेछ ।

मुनुवा गाविसलाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न राजनैतिक खिचातानीको कारणले गाह्रो भइरहेको थियो । त्यो मुद्दालाई पनि हामीले सम्वादमा छलफल गर्‍यौं । अनि गाविसमा पनि छलफल भयो र सबैले मलाई खुल्ला दिशामुक्त क्षेत्र उपसमितिको संयोजक बनाउनु भयो । त्यस काममा सम्वादका सहभागीहरुले मेरो साथ दिनुभयो ।

युवा शान्ति परिषद्को सम्वाद कार्यक्रमले मलाई आफूले गर्ने विभिन्न खाले समाजिक कामलाई अझ राम्रो गर्न बैशाखीको रुपमा सहयोग गरेको छ । जुन समाजमा हामी अल्पसंख्यकमा छौं त्यस समाजमा मलाई अध्यक्ष बनाएका छन्, पार्टीको सभापति बनाएका छन् र अन्य पदहरुमा पनि अगुवा बनाएका छन् । त्यसले त एउटा राम्रै नै संदेश दिन्छ । यस सम्वादमा सहभागी भएका अगुवाहरुले मलाई सहयोग गर्नुभएको छ । त्यसको लागि म युवा शान्ति परिषद्लाई धन्यवाद दिन चाहन्छु । यसर्थ समाजमा परिवर्तन राम्रो आएको छ । अहिले समाज सन्तुलित अवस्थामा छ । पहिले दुरी बढेको थियो, सम्वादले त्यसलाई नजिक ल्याएको छ ।



## हिरा देवी चौधरी
**मुनुवा**
**जानकी गाउँपालिका**

मेरो नाम हिरा देवी चौधरी हो । म गृहणी हुँ र समाजसेवा पनि गर्छु । साविकको मुनुवा गाविस वडा नं. ८ को वडा-नागरीक मञ्चको संयोजक भएको नाताले म सम्वादमा सहभागी भएकी थिएँ ।

सम्वाद अन्य संघसंस्थाले दिने तालिमहरुभन्दा फरक थियो । यसमा हामी विभिन्न विषयमा केन्द्रित रहेर छलफल गर्ने गर्थ्यौं, जस्तो कि एक पल्ट विकासका पूर्वाधारमा छलफल भयो भने अर्को पल्ट पारदर्शिता वा जवाफदेहिता बारे छलफल गर्थ्यौं । सम्वादमा सबै सहभागीलाई एकै तहमा राख्ने र सबैलाई बोल्ने वातावरण बनाई दिइयो जसले गर्दा मेरो सबैको अगाडि बोल्ने क्षमता बढेर गयो । यसको साथै विषयमा केन्द्रित भएर बोल्ने पनि भएँ । मलाई मान्छेहरुको अगाडि बोल्न डर लाग्न छाड्यो । मेरो क्षमता अभिवृद्धि हुनुको श्रेय युवा शान्ति परिषद्लाई जान्छ ।

यो कार्यक्रममा बसेपछि गाविसमा लक्षित वर्गको लागि ३५ प्रतिशत बजेट छुट्याइएको छ र त्यसको १० प्रतिशत महिलाको लागि हुन्छ भन्ने थाहा भयो । त्यसपछि हामी महिला संजालका सदस्यहरुले गाविसबाट महिलाहरुले पाउनु पर्ने

बजेट विनियोजन गरी कार्यक्रम समेत सञ्चालन गऱ्यौं । त्यस कार्यक्रममा हामीले ७६८ जना महिलाहरुलाई कसरी जन्म दर्ता गराउने, कसरी नागरिकता बनाउने भन्ने बारेमा क्षमता अभिवृद्धि तालिम दियौं । यसमा हामीले किन काम गऱ्यौं भन्दा, यहाँका पुरुषहरु खेतिपातीको काम सक्नासाथ इण्डिया जान्छन् र सबै कामको जिम्मेवारी महिलाको काँधमा हुन्छ । धेरै महिलाहरु नागरिकता बनाउन के गर्नु पर्छ भन्ने जान्दैनथे, के के कागजात चाहिन्छ त्यो पनि थाहा हुँदैनथ्यो । गाविस सचिवलाई नै तालिमको स्रोत व्यक्ति राखेका थियौं । त्यसले गर्दा पछि नागरिकता बनाउनलाई सजिलो भयो । त्यसैगरी हामीले आय आर्जनको लागि महिलाहरुलाई चुरा बनाउने तालिम पनि दियौं । महिलाका लागि कार्यक्रम गरिसकेपछि हामीले सार्वजनिक सुनुवाई पनि गऱ्यौं ।

सम्वादमा पारदर्शिताको कुरा सुन्दा उपभोक्ता समिति बनाउँदा आफ्नै परिवारका सदस्यहरु राखेर बनाउने जस्तो नातावादका कुरा र परियोजना सकिएपछि सार्वजनिक सुनुवाई नगर्ने मुद्दाहरुमा सम्वाद भयो । यस्ता कामहरु गर्न दिनु हुँदैन र आफूले पनि गर्नु हुदैन भनेर मैले बुझें । त्यस वर्ष उपभोक्ता समिति गठन गर्दा सबैलाई मिलाएर सर्वसम्मतिबाट समावेशी उपभोक्ता समिति बनायौं । सर्वजनिक सुनुवाई पनि मेरो वडामा गराएँ ।



## लालमती देवी कठरिया
**मुनुवा**
**जानकी गाउँपालिका**

मेरो नाम लालमती देवी कठरिया हो । म समाजसेवा गर्छु । सम्वादमा सहभागी भएको बेला म वडा नं. १ को वडा-नागरिक मञ्चको संयोजक थिएँ ।

पहिले त चौधरीको अनुहार पहाडी समुदायले हेर्नै नचाहने, पहाडी समुदायको अनुहार चौधरीले हेर्नै नचाहने भएको थियो । सम्वादमा बसेर हामीले मान्छेलाई दागधब्बा समाजले नै लगाउने हो । "तँ थारु, पहाडी, दलित, मुस्लिम" भनेर नाम त समाजले नै दिएको हो नि, आखिर जात भनेको केहि होइन भन्ने कुरा सम्वादमा बसेपछि बुझ्यौं । जो कसैको पनि हातको औंला काटे रगत त रातो नै आउँछ नि । त्यसैले हामीले एक आपसमा मिलेरै बस्नुपर्छ, झैझगडा गर्नु हुँदैन भन्ने कुराहरु बारे सम्वादमा छलफल गर्‍यौं । यस्ता छलफलले हाम्रो बिग्रिएको सम्बन्ध राम्रो र बलियो पार्‍यो ।

पहिले त पुरुषहरु माझ म एक्लै महिला कार्यक्रममा गएर बस्न नै रुचाउँदिन थिएँ । सम्वाद कार्यक्रममा बस्दै गएपछि ममा चेतना आयो । हामी महिलाहरु चुलोचौका मै सीमित हुनु हुँदैन । हामी महिलाहरु पुरुषहरुभन्दा कयौं गुना बढी

काम गर्न सक्छौँ भन्ने आँट युवा शान्ति परिषदको सम्वाद कार्यक्रमले दियो । सम्वादले बोल्न नसक्ने म जस्तो महिलालाई बोल्न सिकायो । अधिकारसम्बन्धी थाहा नभएको मान्छेलाई अधिकार सिकायो । वडा-नागरिक मञ्चको काम, कर्त्तव्य र अधिकार बारे सम्वादमा छलफल भएपछि आफूले गर्नु पर्ने कामको बारेमा धेरै कुरा थाहा पाएँ । त्यसले वडा-नागरिक मञ्चको संयोजक भएर काम गर्न झन् सजिलो बनायो- मलाई ।

सम्वादमा बसिसकेपछि हामी महिलाहरुले हाम्रो संजालको तर्फबाट गाविससंग महिलाको लागि बजेट माग गऱ्यौं । त्यो बजेटबाट महिलालाई सिलाई कटाई तालिम र स्वयंसेविकाहरुलाई साईकल खरिद गरी बाँड्ने काम गऱ्यौं । हामी महिलाहरु पनि समाजका मान्छे हौं र हामीहरु पनि समाजको लागि केही गर्न सक्छौं भन्ने लाग्यो र गरेर पनि देखायौं ।

म मेरो वडाबाट अध्यक्षको पदमा चुनावमा उठेको थिएँ । हारे पनि केहि कुरा सिकें । जित्नु मात्र ठूलो कुरो होइन । म पनि केहि कुरा सिक्छु, अघि बढ्छु, समाजको सेवा गर्छु भनेर चुनावमा उठेको थिएँ ।




## टेकवीर मल्ल
मुनुवा
जानकी गाउँपालिका

मेरो नाम टेकवीर मल्ल हो । म समाजसेवी हुँ । म विभिन्न किसिमका तालिमहरुमा प्रशिक्षण दिने काम पनि गर्छु ।

सम्वादमा हामीले शान्ति, सुशासन, विकास र अविकसित समाजको विकास कसरी गर्ने भन्ने बारेमा छलफल गऱ्यौं । विकासका योजनाहरुमा सबैको सहभागिता कसरी गराउने भन्ने बारे पनि छलफल गऱ्यौं । हामीहरु सबैले झै-झगडा गर्नु हुँदैन, शान्तिपूर्ण समाजको विकास गर्नुपर्छ, किन झगडा गर्ने ? सबै आफ्नै समाजको, समुदायको लागि हो भन्ने कुराहरु गऱ्यौं । सम्वादको राम्रो पाटो सबै पक्षको सहभागितामा स्व-स्फूर्त रुपमा समस्याहरुको समाधान निकाल्ने रहेको थियो । विकासमा सबै वर्गको सहभागिता भएपछि एउटा असल समुदायको निमार्ण गर्न मद्दत मिल्ने रहेछ ।

हिजोको दिनमा गाविसको बजेट बनाउँदा आफ्नो वडामा बजेट ल्याउनै पर्छ भन्ने हुन्थ्यो भने यो कार्यक्रमपछि हैन यो पूरै हाम्रो ठाउँ हो । पुलपुलेसा सबै

हामीलाई चाहिने हो किन आफ्नै टोलमा मात्र गर्ने, जहाँ आवश्यकता छ त्यहाँ नै हामीले सहयोग गर्नुपर्छ भन्ने भावना जाग्यो । त्यसले गर्दा हामी आपसमा बाझिन पनि कम भयो ।

हिजोको दिनमा हामी यो कुन भुगोलको हो, यो कुन जातिको हो, यो कुन वर्गको हो भनेर सोच्थ्यौं । हामीले आफ्नो जातिलाई तान्नु पर्छ, हामीले आफ्नो वर्गलाई तान्नु पर्छ, आफ्नो राजनीतिक आस्थाको मान्छेलाई तान्नु पर्छ भन्ने थियो । सम्वादपछि हामी एकै भुगोल, जाति वा वर्गका मान्छेहरु हौँ, हामी एक हुनुपर्छ भन्ने कन्सेप्ट (धारणा) आयो, त्यसलाई सम्वादले चिरफार गरेको जस्तो लाग्छ र गऱ्यो पनि । हिजोको दिनमा यिनै कुराहरुको आधारमा भेदभाव थियो । यस कार्यक्रमको एउटा उपलब्धी भनेको यसले सहभागीहरुमा यस्ता भेदभाव गर्नु हुँदैन भन्ने जनचेतनाको लहर ल्याउनु हो ।

अहिले म यिनै विषयमा प्रशिक्षण दिने गर्छु । सम्वादमा देखेको, सिकेको तौर-तरिका गाउँमा भएका झगडाहरु मेलमिलाप गराउने काममा पनि प्रयोग गरिरहेको छु ।